लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
# नयाँ विमर्श
Naya Bimarsha Weekly

वर्ष १७, अंक ३७, २०८१ वैशाख २१ गते शुक्रबार (May 03, 2024) मू.अ.क.नं.३०४९७३८१५ मूल्य रु. १०।-
website: www.nayabimarsha.com

## रास्वपाको मिसन ८४ मा डढेलो, जमानत जफत



काठमाडौं/ गत बैशाखमा १५ गते भएको इलाम क्षेत्र नं.२ को उपनिर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले पाँच हजार ५० मत ल्याएपछि जमानत समेत जफत भएको छ।

जमानत जफत हुनेमा रास्वपासहित १६ जना उम्मेदवार रहेका छन्। बडो तामझाम र स्टन्डबाजीसहित ठूला दल काँग्रेस-एमालेलाई गालीगलौज गरेर रास्वपा चुनावी मैदानमा होमिएको थियो। राष्ट्रिय स्वतन्त्र पार्टीका मिलन लिम्बुलाई जिताउन संघीय सरकारका चारजना मन्त्रीहरु उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने, श्रम तथा रोजगार मन्त्री डोलप्रसाद अर्याल, खेलकुदमन्त्री विराजभक्त श्रेष्ठ र शिक्षा विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठ मन्त्रालयको काम नै छाडेर निर्वाचनमा होमिएका थिए। रास्वपाका उपसभापति स्वर्णिम वाग्ले, सांसद डा. तोसिमा कार्की लगायतका नेताहरु बास बसेर चुनावको प्रचारप्रसार गर्दा पनि जनताले पत्याएनन् (बाँकी ७ पृष्ठमा)

# सरकारको जग हल्लिँदै

## दाहालको मौन समर्थन ■ कांग्रेस कुर्दै

कौशल कुमार भट्टराई



भक्तपुर/ प्रधानमन्त्री समेत रहेका नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहालको अस्थिर स्वभावका कारण वर्तमान सरकारको जग हल्लिन थालेको छ। भैरहेको सरकारमा उथलपुथल ल्याउन भनी सत्ता समीकरण गत फागुन २१ गते अकस्मात परिवर्तन गरेका दाहालकै कुर्ची हल्लिने गरी सरकारको जग हल्लाउने तयारी भैरहेको समाचार स्रोतहरुले जानकारी दिएका छन्। अहिलेको सत्ता समीकरणमा माओवादी केन्द्र, नेकपा (एमाले), राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी, नेकपा ( एकीकृत समाजवादी) मुख्य रुपमा जोडिएका छन्। ती दलहरुका बीचमा मनमुटाव हुन पुग्दा प्रधानमन्त्री दाहालकै कुर्ची हल्लिने अवस्था आएको भनी राजनीतिक रुपमा चर्चा चल्न थालेको छ।

एमाले मुख्य सत्ता घटक भएको अवस्थामा सत्ता संचालन सहज होला भन्ने सोचाइमा प्रधानमन्त्री दाहाल पुगेका थिए। सोही कारण उनले कांग्रेससँगको साथ छोडी एमालेको काँध छानेका थिए। अहिले आएर सरकार चलाउन दाहाललाई एमाले तथा एमालेका अध्यक्ष खड्गप्रसाद शर्मा ओली नै समस्या बन्ने गरेको महसुस हुन थालेको स्रोतको भनाइ छ। यसका लागि ओलीको स्वभाव तथा अहंकार प्रमुख रहेको बुझाइमा दाहाल पुगेका बताइन्छ।

सत्ता समीकरणको फेरबदलको कुरा बैशाख १५ गतेको उपचुनावका अघि नै आएको थियो। खासगरी नेकपा (एकीकृत समाजवादी) लाई कतै पनि स्थान दिन नचाहने एमालेका अध्यक्ष ओलीको चाहनाले गर्दा वर्तमान सरकार संचालनमा समस्या परेको बुझाइमा दाहाल छन्। दाहाल आफैं पनि ओलीको हेपाहा प्रवृत्ति खेपी सकेका मानिस हुन्। एमालेसँग आफ्नो दललाई एकीकरण गरी नेकपा बनाउँदा नै ओलीको पेलान्मा परिसकेका दाहाल हालको सरकार संचालनमा पनि पेलान्मा परेको महसुस गरिरहेका बताइएको छ। (बाँकी ७ पृष्ठमा)

## नेपाल र खनालको राजनीतिक भविष्य संकटमा



काठमाडौं/ नयाँ दल नेकपा (एकीकृत समाजवादी) गठन गरेका अध्यक्ष माधवकुमार नेपाललाई इलाम र बझाङ प्रदेशसभाको उपनिर्वाचनले निद हराम बनाएको पार्टी सम्बद्ध श्रोतले बताएको छ।

संसदमा छैटौं दल बन्न पुगेको नेकपा एस यतिबेला अस्तित्व रक्षाको लडाइँमा रहेको बताइन्छ। संघमा १० सिट भएपनि नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारमा आकर्षक मन्त्रालय लिएर स्वार्थपूर्ति गर्दै आइरहेका अध्यक्ष नेपाल र सम्मानित नेता झलनाथ खनालको आगामी राजनीतिक भविष्य संकटमा परेको जानकारहरुले बताएका छन्।

यही बैशाख १५ गते सम्पन्न उपनिर्वाचनमा नेकपा एमाले, राप्रपा र नाउपाको कन्तविजोग भएको छ। वाह्य शक्तिको इशारामा प्रधानमन्त्री दाहाललाई हटाउने खेलमा सक्रिय रहेका नेपालको रणनीति थाहा पाएर नेकपा (एस) लाई (बाँकी ७ पृष्ठमा)

## कांग्रेसका चुनावी कमाण्डर फेरी पनि असफल



ललितपुर/ गत बैशाख १५ गते भएको इलाम-२ र बझाङ प्रदेशसभा-१ को उपनिर्वाचनमा नेकपा (एमाले) का सुहाङ नेम्वाङ र दमनबहादुर भण्डारी विजयी भएका छन्।

इलाम-२ मा एमालेका उम्मेदवार नेम्वाङले काँग्रेस उम्मेदवार डम्बरबहादुर खड्काले भन्दा बढी पाँच हजार आठ सय ३० मतान्तरले हराएका थिए। यसैगरी बझाङ प्रदेशसभा-१ मा एमालेका भण्डारीले काँग्रेसका अभिषेकबहादुर सिंहलाई दुई सय ६७ मतको झिनो अन्तरले हराई विजयी भएका छन्। इलाम-२ र बझाङ प्रदेशसभा-१ मा एमालेले जितेपछि एमाले भने उत्साहित बनेको छ।

यी दुबै क्षेत्रमा काँग्रेसले चुनावी कमाण्डर खटाएको थियो। इलाम-२ मा काँग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा खटिएका थिए भने बझाङमा प्रदेशसभा-१ मा काँग्रेस नेता नारायण प्रकाश (एन.पी.) (बाँकी ७ पृष्ठमा)

## नारायणगढ-बुटवल सडक कन्तविजोग, मन्त्री मूकदर्शक



काठमाडौं / सत्तामा बसेर रमाउन र कमाउने पल्केका भन्ने आरोप उपप्रधान तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठलाई लाग्ने गरेको छ। नारायणगढ बुटवल, मुग्लिङ पोखरा र हुलाकी सडकको ढिलासुस्ती निर्माणले उनलाई गिज्याइरहेको भए पनि यात्रुहरुले पाएको सास्तीप्रति मूक दर्शक बनिरहेका बताइएको छ।

चालु आर्थिक वर्षमा नेपालको सडक निर्माणमा संकुचन देखिएको राष्ट्रिय तथ्यांक कार्यालयले बताएको छ।सडक निर्माणमा ठेक्का लगाउने, कमिशन खाने र निदाउने प्रवृत्ति पुरानै हो। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा आउने मन्त्री र सचिव मन्त्रालयको सुधार गर्न र विकृति एवं बेथिति न्यून गर्नभन्दा कमाउन आउने समाचार श्रोतले बताएको छ। बिस्तारको क्रममा रहेको नारायणगढ-बुटवल सडक शुरु भएको पाँच वर्षमा ५० प्रतिशत मात्र काम भएबाट पनि उनीमाथि लाग्ने गरेको आरोपलाई सत्यता नजिक लगेको स्रोतको दाबी छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारमा तीनजना भौतिक पूर्वाधार र दुईजना भौतिक सचिव बनेका छन्। तात्कालिन उपप्रधान तथा भौतिक पूर्वाधार मन्त्री (तीन महिना) नारायणकाजी श्रेष्ठ, २०७९ चैत १७ देखि २०८० फागुन २१ गतेसम्मका भौतिक पूर्वाधार मन्त्री प्रकाश ज्वाला र २०८० फागुन २१ पछिका रघुवीर महासेठले सडक अनुगमनको नाममा तामझाम देखाउने र निर्देशन दिए पनि यी सडकहरुको भौतिक प्रगति हुन सकेको छैन।

उखरमाउलो गर्मीमा नारायणगढ-बुटवल, मुग्लिङ-पोखरा र हुलाकी सडकमा यात्रा गर्ने यात्रुहरुले खेपेको दुःख कष्ट एयरकन्डिसन कोठामा बस्ने मन्त्री सचिव र सम्बन्धित आयोजना प्रमुखलाई के थाहा ? ४२ महिनामा काम सम्पन्न गर्ने जिम्मा पाएको चिनियाँ कम्पनीले पाँच वर्ष बढी समयमा बल्ल- (बाँकी ७ पृष्ठमा)

## भारतीय चुनावमा नेपाली नेताहरु

नयाँ दिल्ली/ भारतीय जनता पार्टीले चुनावी पर्यवेक्षकको रूपमा नेपालका नेताहरुलाई निमन्त्रणा गरेपछि नेताहरु यता आएका छन्।

यसरी पर्यवेक्षणका लागि भनी नेपाली काँग्रेसका उदयशम्शेर राणा, नेकपा (माओवादी केन्द्र) का मातृकाप्रसाद यादव, नेकपा (एमाले) का विष्णु रिमाल र जनमत पार्टीका जयकान्त राउत दिल्ली आएका हुन्।

(बाँकी ७ पृष्ठमा)

## दोलखामा कांग्रेसको प्रशिक्षण



चरिकोट/ नेपाली कांग्रेस बागमती प्रदेश प्रशिक्षण विभागको आयोजनामा आज शुक्रबार दोलखाको चरिकोटमा 'बागमती प्रदेश पार्टी र जनप्रतिनिधि विषयक प्रशिक्षण कार्यक्रम' हुने भएको छ। दोलखा कांग्रेसको व्यवस्थापनमा सो कार्यक्रम हुन लागेको हो।

सो कार्यक्रमको उद्घाटन कांग्रेसका उपसभापति एवम् केन्द्रीय नीति अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका प्रमुख पूर्णबहादुर खड्काले गर्ने बताइएको छ। यसैगरी बागमती प्रदेशका सभापति ईन्द्रबहादुर बानियाँ विशिष्ठ अतिथिका रुपमा रहने कांग्रेस बागमती प्रदेश प्रशिक्षण विभागको प्रमुख चन्द्र महर्जनले जानकारी दिए। आज शुक्रबार दिउँसो २ बजे उद्घाटन हुने तथा (बाँकी ७ पृष्ठमा)

## सरकारी जग्गा खोज्न असम्भव

प्रसङ्गवश

अनुषा थापा



सरकारले २०२१ र २०३२ सालमा जनताको जग्गा जनतालाई नै दियो। जनताको जग्गा दुईपटक नापी गरेर सरकारले लालपुर्जा बाँड्यो। लालपूर्जा दिएर जति जग्गा बाँकी थियो, त्यो सबै सरकारको थियो। जग्गा दलाली, कानून व्यवसायी, लेखनदासहरुले जग्गा नाप गर्न छुटेको भन्दै धमाधम सरकारी जग्गा दर्ता गराए।

भएका सरकारी जग्गा सबै व्यक्तिको नाममा गइसकेको छ। सरकार हात बाँधेर बसेको छ। अब भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र भूमिसुधार विभागले मात्रै सरकारी जग्गा फिर्ता ल्याउन सक्छ। २०२१ र २०३२ पछि दर्ता भएको जग्गा खारेज गरिदिने निर्णय गरियो भने मात्रै सरकारी जग्गा सरकारको नाममा आउँछ।

विभागले टिप्पणी उठाएर मन्त्रालय पठाउनुपर्यो। मन्त्रालयले मन्त्रिपरिषद्मा लैजानुपर्‍यो। देशभरका सरकारी सम्पत्ति माफियाहरुले आफ्नो नाममा लगिसके। २०८० फागुन ९ गते ७७ जिल्लाकै सिडियो कार्यालयलाई पत्राचार गर्दै गृह मन्त्रालयले सरकारी जग्गा खोज्न निर्देशन दिएको छ।

गत बैशाख ७ गते गृहले पुनः पत्राचार गरेको छ। आफ्नो जिल्लामा कति सरकारी जग्गा थियो ? तालपोखरी, मठमन्दिर थियो ?प्रजिअले विवरण संकलन गर्न सकेनन्। कतिपय जिल्ला प्रशासन कार्यालयले सरकारी जग्गा कब्जा गरेको भएमा सूचना दिनुस् भनी सार्वजनिक सूचना जारी गरेका छन्। जसले सार्वजनिक जग्गा कब्जा गरेर आफ्नो नाममा ल्याएको छ, उसले त सूचना दिंदैन। छिमेकहरुलाई थाहा भएपनि सूचना दिँदैनन्। आफूमाथि खतरा हुन सक्ने त्रासले पनि जानकारी गराउँदैनन्। सार्वजनिक जग्गा चिन्ने बुढापाकाहरु अहिले अस्ताइसकें। त्यसैले गृहको पत्र र प्रजिअको सूचनाको केही औचित्य छैन।

सरकार जग्गा खोज्ने गृहको प्रयास राम्रो हो तर कुर्सीमा बसेर सरकारी जग्गा खोजिँदैन। स्थानीय तहका जनप्रतिनिधिहरुले नै सरकारी जग्गा हिनामिना गरेको पाइन्छ। जसका कारण उनीहरु खोताल्दैनन्। प्रजिअलाई कहाँ सरकारी जग्गा थियो ? थाहा हुँदैन। जानकारी हुने जनप्रतिनिधिहरु खोज्न चाहँदैनन्।

भोलि आफैं फस्ने डर जनप्रतिनिधिलाई छ। मालपोतका कर्मचारीहरु पनि सरकारी जग्गा खोज्नमा चासो देखाउँदैनन्। कर्मचारीकै मिलेमतोमा सरकारी जग्गा दर्ता भएको (बाँकी ७ पृष्ठमा)

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
सडक सुधार तथा विकास आयोजना निर्देशनालय
महाकाली पुल योजना
महेन्द्रनगर, कञ्चनपुर

- सडक तथा पुल हामी सबैको साझा सम्पत्ति हो, यसको संरक्षण एवं सम्बर्द्धन गर्नु हामी सबैको कर्तव्य हो।
- पुलको सीमाभित्र जथाभावी आवतजावत एवं ट्राफिक सुरक्षामा बाधा हुने र सार्वजनिक हित प्रतिकूल हुने कुनै कार्य नगरौ।
- ट्राफिक सुरक्षाको दृष्टिकोणले जोखिमयुक्त र अति संवेदनशील क्षेत्र भएकोले सडक पुलको प्रयोग गर्दा होसियार बनौ, सडक पुलमा बालबच्चा र पाल्तु जनावर जथाभावी नछाडौं।
- सवारी सुरक्षाको लागि पुलको वरपर राखिएका सूचनामूलक Sign तथा Traffic Signal हरु बिना अनुमति नहटाउ तथा नबिगारौं। कसैले यस्तो कार्य गरेको देखेमा यस कार्यालयलाई जानकारी गराउन हुन अनुरोध छ।
- नदीजन्य निर्माण सामग्रीहरु जथाभावी रुपमा उत्खनन गर्दा पुल र सडक संरचनाहरुलाई असर गर्ने हुँदा प्रचलित नियम कानून र मापदण्डमा तोकिए अनुसार मात्र गर्ने गरौं।

**सम्बन्धित कार्यालयको अनुमति बेगर सडक सीमा तथा पुल क्षेत्र अतिक्रमण नगरौं यस्ता गतिविधि सार्वजनिक सडक ऐन २०३१ बमोजिम दण्डनीय हुने समेत जानकारी गराईन्छ।**

योजना प्रमुख

# लगानी सम्मेलनमार्फत लगानीका अवसरको खोजी

प्रशान्तकुमार विक

समृद्ध नेपाल, सुखी नेपाली'को अवधारणालाई साकार पार्न नेपालमा लगानी भित्र्याउनुको विकल्प छैन। लगानीमैत्री वातावरण र लगानी आकर्षणबिना नेपाल अतिकम विकसित देशबाट विकासोन्मुख देशका रुपमा अगाडि बढ्न सक्दैन। उपलब्ध स्रोतसाधनको यथाशक्य उपयोग गर्न पनि लगानी आवश्यक पर्दछ।

सरकारको सीमित स्रोत साधनबाट मात्र विकासका कार्यक्रमहरु सम्पन्न गर्न नसकिने भएकाले पनि द्विपक्षीय तथा बहुपक्षीय लगानी भित्र्याउन अपरिहार्य छ। तर, देशले उदार आर्थिक नीति अवलम्बन गरेको तीन दशकभन्दा बढी समय भइसक्दा पनि अपेक्षित विदेशी लगानी भित्र्याउन नसकेको अवस्था छ। राजनैतिक परिवर्तनसँगै आर्थिक विकास हुन नसक्दा देश पछाडि परेको हो। आर्थिक विकासको आधार भनेको लगानी नै हो। त्यसैले नेपाल सरकारले लगानीका अवशरहरु खोजी गर्नका लागि भनेर तेस्रो लगानी सम्मेलन, २०२४ आयोजना गरेको धेरैको ठम्याइ छ। देशको तरल राजनीतिक तथा नीतिगत अवस्थाका बाबजुद पनि सरकारले गर्न लागेको यो सम्मेलन आफैंमा सह्राहनीय कदम हो।

नेपाललाई एक आकर्षक लगानी गन्तव्यका रुपमा प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको दुई दिने सम्मेलनलाई दशवटा सेसनमा विभाजन गरिएको छ, जसमा ५० भन्दा बढी वक्ताहरु र एक हजारभन्दा बढी सहभागीहरु रहेका छन्। बहुप्रतिक्षित र धेरैले चासोको रुपमा हेरिरहेको सम्मेलनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका सरकारी, निजी, तथा विकास साझेदारहरुको प्रतिनिधित्व भइरहेको छ। नेपालको राष्ट्रिय योजना, सरकारका नीति तथा कार्यक्रमहरुसँग तालमेल मिलाउँदै गर्न लागिएको सम्मेलनमा निजी क्षेत्रलाई प्राथमिकतामा राखिएको छ।

विशेषगरी, यो सम्मेलन प्रत्यक्ष बैदेशिक लगानी भित्र्याउनका लागि गरिएको प्रयासका रुपमा हेरिएको छ। त्यसैगरी, लगानीका लागि पर्यटन, उर्जा, सूचना प्रविधि, कृषि, निर्माण, स्वास्थ्य, शिक्षा, यातायात, खानी तथा खनिज र शहरी विकास गरी सम्भावित १० वटा क्षेत्रहरु निर्धारण गरिएको छ। ती क्षेत्रहरुमा लगानी प्रक्रिया सहज बनाउनका लागि छ वटा प्रक्रियागत चरणहरु पनि उल्लेख गरिएको छ। लगानीका लागि आवदेन, स्वीकृति, कम्पनी दर्ता, नेपाल राष्ट्र बैंकको क्लिरियन्स, वार्ता तथा सम्झौताहरु र अनुमति, स्वीकृति र दर्तालगायतका प्रक्रियाहरु समावेश गरिएको छ। सरकारले लगानीमैत्री वातावरण तयार गर्नका लागि यस्तो खालको एकद्वार नीति अवलम्बन गरेको हो। सम्मेलन अगाडि पूर्वलगानी गोष्ठीहरु देशभित्र काठमाडौँ र लुम्बिनीमा आयोजना गरिएको थियो भनेर देश बाहिर भारतको नयाँ दिल्ली, बङ्गलादेशको ढाका, चीनको छेन्दु, बेइजिङ, हङकङलगायतका शहरहरुमा सम्पन्न भएको थियो।

चीनको सिचुवान प्रान्तको छेन्दु शहरमा भएको पूर्व लगानी सम्मेलनमा सहभागी हुने अवसर प्राप्त भएको थियो। अहिलेका कन्सुलेट जनरल सुरेश रावतले लगानीसँग सम्बन्धित यो पहिलो तर महत्वपूर्ण कार्यक्रम भएको कुरा उल्लेख गरेका थिए। सह-आयोजक सिचुवान चेम्बर अफ इन्टरनेशनल कमर्सका प्रतिनिधिले पनि नेपालको विकासका लागि लगानी गर्न आवश्यक रहेको र यसले दुवै देशका जनतालाई फाइदा पुग्ने कुरा उल्लेख गरेका थिए।

कार्यक्रममा सहभागी सिचुवान वोलुन इलेक्ट्रिक कम्पनी लिमिटेडका ग्लोबल सेल्स प्रतिनिधि विल लियाओ लगायतले लगानीसँग सम्बन्धित प्रश्नहरु सोधेका थिए। यसले चिनीया लगानीकर्ताहरु लगानी गर्न उत्सुक रहेको देखिन्छ। कार्यक्रमले नेपाल लगानी भित्र्याउन आतुर छ है भन्ने सूचना प्रवाह गरेको थियो। सम्मेलनको व्यापक प्रचारप्रसारका लागि सूचना प्रविधिको अधिक प्रयोग गरिएको छ। फेसबुक तथा एक्स ९ट्वीटर० लगायतका सामाजिक सञ्जालको नियमित उपयोग गरिएको छ।



चीनले नेपालीलाई यही मे १ देखि मेनल्याण्ड चाइनाका लागि भिसा प्रक्रिया निःशुल्क गर्दैछ। यसबाट दुई देशबीच आवागमन सहज हुनेछ भने यसले पनि लगानीका लागि वातावरण तयार गर्न सक्दछ। अहिले नेपालमा सबैभन्दा बढी बैदेशिक लगानी गर्ने देशमा छिमेकी देश चीन र भारत नै अगाडि छन्। दुवै छिमेकी राष्ट्रहरु आर्थिक रुपमा शक्ति सम्पन्न हुँदा पनि नेपालले सोचेजस्तो आर्थिक वृद्धि तथा विकास गर्न नसक्नु चिन्ताजनक विषय हो। चीन र भारत आपसमा सहयोगी भन्दा पनि प्रतिस्पर्धी व्यवहारबाट निर्देशित हुँदा त्यसको नकारात्मक प्रभाव नेपालमा पर्नु स्वभाविक हो।

दुवै छिमेकी देशहरुको विकास हुँदा 'स्पिल ओभर इफेक्ट' का कारण नेपालमा पनि विकास हुन्छ भन्ने मान्यता नभएको होइन तर त्यसका लागि उनीहरुको चाखलाई चलाखीपूर्ण ढङ्गले व्यवस्थापन गर्न आवश्यक छ। उदाहरणको लागि, चीनको लगानीमा उत्पादन भएको विद्युत संयुक्त राज्य अमेरिकाले लगानी गरेको प्रशारण लाइन हुँदै भारतीय तथा बङ्गलादेशको बजारमा बेच्नु पर्ने स्थिति छ। चीन, भारत र संयुक्त राष्ट्र अमेरिकाजस्ता ठूला शक्ति राष्ट्रहरुलाई नेपालमा व्यवस्थापन गर्न देशको नीति र नेतृत्वको खुबीको कुरा हो।

अझ, दुवै छिमेकी देशसँगको बढ्दो व्यापार घाटा कम गर्नका लागि व्यापारमा विविधीकरण तथा विशिष्टीकरण आवश्यक छ। तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गरी लगानी गर्नु र प्राप्त आर्थिक विकासलाई सन्तुलित ढङ्गबाट वितरण गर्नु सरकारका अहिलेका चुनौतीका विषयहरु हुन्। त्यसका बाबजुद, नेपाल सार्क, विमिस्टेक, विश्व व्यापार सङ्गठन, बेल्ट एण्ड रोड इनिसियटिभ (विआरआइ) लगायत अन्य थुप्रै क्षेत्रीय तथा अन्तराष्ट्रिय सङ्गठनहरुको सदस्यका रुपमा रहँदै आएको छ। नेपालले बढीभन्दा बढी लगानी भित्र्याउनका लागि यी सङ्गठन (फोरमहरु)को कूटनीतिक उपयोग गर्न सक्नु पर्दछ। साथै, गैरआवासीय नेपाली सङ्घलगायत विदेशमा रहेको नेपालीहरु (डायस्पोरा) लाई लगानीका लागि उत्प्रेरित गर्न आवश्यक छ।

नेपालले हालसम्म कूटनीतिक रुपमा एकसय बयासी देश सँग दौंत्य सम्बन्ध कायम गरेको छ। तीस देशमा आफ्नो राजदूतावास खोलेको छ भने सात वटा महावाणिज्य दूतावास रहेका छन्। यी निकायहरुको उपयोग गरेर पनि लगानी भित्राउन सकिन्छ। सरकार-सरकारबीचको सम्बन्ध मात्र होइन, जनता-जनताबीचको सम्बन्ध (ट्र्याक-टु डिप्लोमेसी) तथा सम्पर्क बढाउन आवश्यक छ। त्यसैले सरकारले औपचारिक तथा अनौपचारिक माध्यमबाट लगानी आकर्षित गर्न सबै खालको पहल गर्न आवश्यक छ। लगानीमैत्री वातावरणका लागि प्रक्रियागत सरलीकरण गर्दै जानु पर्दछ। संरचनात्मक तथा नीतिगत व्यवस्थालाई चुस्त दुरुस्त पार्नुको विकल्प छैन। एक अन्तर्वार्तामा लगानी बोर्डका कार्यकारी निर्देशक सुशील भट्टले विकास मन्त्रालयहरु पनि चलायमान हुनु पर्दछ भन्नुको पछाडि लाइन अफ एजेन्सीको सक्रियता खोजिएको प्रष्ट हुन्छ।

देश विकासको लागि लगानी आकर्षण गर्न सकिने पर्याप्त सम्भावनाहरु पनि छन्। देशमा युवा जनशक्ति हुनु, न्यून श्रम मूल्य, अन्तराष्ट्रिय सङ्गठनहरुसँगको सहकार्य, नेपालको रणनीतिक भौगोलिक अवस्थिति, प्रविधिको उपयोग, सेवा प्रवाहमा एकद्वार प्रणाली अवलम्बन गर्नुजस्ता विषयहरु लगानी भित्र्याउनका लागि सहज परिस्थितिहरु हुन्। यसका कारण लगानी बोर्डका अनुसार अहिलेसम्म विभिन्न ४२ वटा परियोजना स्वीकृत भएका छन्।

नेपालमा लगानी गर्नेमा होंसी शिवम् सिमेन्ट प्रालि, ह्वासिन सिमेन्ट, एनसेल, एसजेविएन, स्ट्याण्ड चार्टर बैंक, डाबर, युनिलिभर, पञ्जाब नेशनल बैंक, नेपाल एसबिआई बैंक लिमिटेड, जिएमआर माथिल्लो कर्णाली जलविद्युत् आदि प्रमुख रहेको छन्। वैदेशिक लगानीको कुरा गर्दा विभिन्न समयमा एनसेललगायतका बहुराष्ट्रिय कम्पनीहरुसँग नीतिगत जटिलताका कारण देखिएका समस्याहरु भविष्यमा कसरी न्यूनीकरण गर्न सकिन्छ भन्ने बारेमा पनि ध्यान जान आवश्यक छ। थप सम्भावित लगानीकर्ताहरु ( व्यक्ति वा संस्था) लाई आकर्षित गर्न लगानी बोर्डले 'रोष्टर म्यानेजमेण्ट सिस्टम' पनि लागू गरेको छ। यसअनुसार आगामी दिनमा लगानीका लागि अझै सहज वातावरण बन्न सक्दछ। यस सम्मेलनलाई निजी क्षेत्रले पनि निकै महत्व र अवसरको रुपमा लिएको छ। नेपाल सरकार आयोजक रहेको यस सम्मेलनको सहआयोजकका रुपमा भने नेपाल उद्योग वाणिज्य सङ्घ, नेपाल उद्योग परिसङ्घ र नेपाल चेम्बर अफ कमर्स रहेका छन्। सम्मेलनपछि स्वदेशी र विदेशी लगानीकर्ताहरु कत्तिको आकर्षित हुन्छन् त्यो हेर्न बाँकी नै छ तर यसले व्यापकरुपमा लगानी सचेतना अभिवृद्धि गरेको देखिन्छ।

# ज्योति विकास बैंकले दियो अग्नि पीडित परिवारलाई राहत सामग्री

काठमाडौं। ज्योति विकास बैंकले अग्नि पिडित परिवारहरुलाई राहत सामग्रीहरु प्रदान गरेको छ। महोत्तरी जिल्लाको मटिहानी नगरपालिका वडा नं. ६, जरलहवा गाछी बस्तीका अग्निपीडित १२० परिवारहरूको राहत तथा सहयोगार्थ बैंकले मटिहानी नगरपालिका कार्यालय तथा जिल्ला प्रशासन कार्यालयसँगको समन्वयमा १२० घरधुरीलाई पुग्ने डसना ओछ्यान र झुल प्रदान गरेको छ। बुधबार आगोले क्षतिग्रस्त बनेको जरलहवा, गाछी बस्तीका पीडितहरुको राहतको लागि बैंकले उक्त सहयोग गरेको हो।



राहत वितरण कार्यकममा ज्योति विकास बैंकका तर्फबाट जनकपुर शाखाका शाखा प्रबन्धक सुरज श्रीवास्तवले मटिहानी नगरपालिका वडा नं. ६ का वडा अध्यक्ष कलिम अन्सारीको उपस्थितिमा उक्त राहत सामग्रीहरु अग्नि प्रकोप पीडित परिवारहरूलाई हस्तान्तरण गरेका हुन्। ज्योति विकास बैंकले देशैभरि रहेका मातहतका कार्यालयहरू मार्फत सरल वित्तीय सेवाका साथै संस्थागत सामाजिक उत्तरदायित्व प्रयोजनार्थ स्थापित 'हाम्रो विकास प्रवर्द्धन कोष' मार्फत जिम्मेवारपूर्ण तवरले नागरिकका आकस्मिक एवं अत्यावश्यक क्षेत्रमा उल्लेख्य र रचनात्मक सहयोग गर्दै आएको छ।

आफ्नो खुद मुनाफाबाट नेपालमा हाल सञ्चालनमा रहेका अन्य बैंक तथा वित्तीय संस्थाहरुले सामाजिक उत्तरदायित्व अन्तर्गत समाजिक कार्यमा गर्ने योगदान भन्दा ५० प्रतिशत बढी रकम छुट्याई समाजप्रति उत्तरदायी बनेको यस विकास बैंकले नागरिकको सर्वोत्तम हित सदा उच्च प्राथमिकतामा राखेको छ।संस्थागत शुशासनलाई शिरोपर गरी ग्राहकवर्ग, कर्मचारी, नियामक निकाय, सेयरधनी र समग्र सरोकारवालाको हक हितमा योगदान पुर्याउन ज्योति विकास बैंक प्रतिवद्ध रहेको छ।

# महालक्ष्मी विकास बैंकले दियो आगलागी पीडितलाई राहत

काठमाडौं। महालक्ष्मी विकास बैंकले बुधबार महोत्तरीको मटिहानी नगरपालिका वडा नं ६ मा आगलागीका कारण घरबार विहीन भएका १५० घर परिवारका लगभग ५४५ जनाका लागि राहत सामाग्री वितरण गरेको छ। बैंकले राहत वितरण गर्ने उद्देश्यले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत रही २ लाख पचास हजार रुपैंया बराबरको ७५० केजी आटा, ७५० केजी चामल, ७५ केजी दाल, ७५ लिटर तेल, १५० प्याकेट नुन, ४५० वटा नुहाउने र लुगा धुने साबुन र १५० काटुन चाउचाउ लगायतका खाद्यान्नहरु सहयोग गरेको हो।




बुधबार मटिहानी नगरपालिका वडा नं ६ मा लागेको उक्त आगोले १०० भन्दा बढी घर पूर्णरूपमा जलेर खरानी भएकाछन् भने ५० जति अन्य घरमा क्षति पुगी १५ करोडभन्दा बढीको धनमाल क्षति भएको अनुमान गरिएको छ। सनिबार मटिहानी नगरपालिकाका मेयर हरि प्रसाद मण्डल र बैंकको मधेस प्रादेशिक कार्यालयका प्रमुख सुदिप चन्द्र पोखरेलले जनकपुर शाखाका कर्मचारीहरुको सहभागितामा पिडित परिवारहरुलाई उक्त राहत सामाग्री हस्तान्तरण गरेका थिए। बैंकले प्रदान गरेको सहयोगले यस असहज परिस्थितिमा उक्त परिवारहरुको आधारभूत आवश्यकता पूरा गर्न थोरै भएपनि मद्दत पुग्ने विश्वास लिइएको छ। 'सबल बैंक, सफल सहकार्य' को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा विगत २९ वर्ष देखि अनवरत रुपले गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आएको यस बैंकले आगामी दिनहरुमा पनि सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत सामाजिक, आर्थिक रुपान्तरणका लागि विभिन्न कार्यक्रमहरु निरन्तर रुपमा सञ्चालन गर्ने कुरा जनाएको छ।

Considering studying or working aboard?
Come to **Joy International Language Institute**
for all levels of
English and Spanish Language Classes
including **IELTS, PTE, TOEFL**
*Improve your conversation skills speaking with a native speaker.*
Gatthaghar Road (on the way to Global Pathsala School Junior Block)
Contact the Office :
974 597 9010
joylanguageinstitute@gmail.com




INTERNATIONAL CHILDREN'S LITERATURE CONFERENCE-2024
अन्तर्राष्ट्रिय बालसाहित्य सम्मेलन-२०८१
**First International Conference on Children's Literature**
September 20-22, 2024
Kathmandu
Organized by:
**Nepal Academy**
&
**Nepalese Society for Children's Literature (NeSChiL)**
**Special Features**
☐ Seminar Paper Presentation
☐ Panel Discussions
☐ Book Exhibition
☐ 'Meet the Author' Program
☐ Art Exhibition
☐ Cultural Performances
☐ Storytelling
Please register yourself. The first hundred entries from Nepal will be entertained on priority basis.
International delegates will be especially contacted by the organizers.
For registering, please log in to www.nepalbalsahitya.org.np








कौशलकुमार भट्टराई कृष्ण लम्साल पिएमणि भट्टराई हरि शरण जमकटेल

प्रधान–सम्पादक/प्रकाशक : **कौशल कुमार भट्टराई (९८५११३८२३७)**
सम्पादक : कृष्ण लम्साल (९८५१३२२६३२, ९८४१३५१३५६)
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
प्रधान कार्यालय : मध्यपुर थिमी–३, भक्तपुर
काठमाडौं–कार्यालय : बबरमहल, काठमाडौं, फोन: ०१–४२६७०६४
इमेल : nayabimarsha@gmail.com,
मुद्रण : सप्तर्षि पब्लिकेशन प्रा.लि., मित्रपार्क, काठमाडौं

## सम्पादकीय

# खोप अभियान सफल पारौं

नियमित रुपमा खोप लगाउन छुटेका बालबालिकालाई आगामी बैशाख ३१ गते खोप लगाउन भनिएको छास्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नियमित खोप लगाउन छुटेका बालबालिकाका लागि 'बृहत खोज र खोप अभियान' सञ्चालन गरिने जनाएको छ। १५ महिनामा नियमित खोप लगाउन छुटेका पाँच वर्ष मुनिका बालबालिकालाई १३ प्रकारका खोप दिइने गरी मन्त्रालयले कार्यक्रम तय गरेको छासरकारले रोग, अपांगता र मृत्युबाट बचाउनका लागि जन्मेदेखि पाँच वर्ष उमेर समूहका बाललालिकालाई विभिन्न १३ प्रकारका खोप निःशुल्क रुपमा प्रदान गर्दै आएकाले छुटेकाहरु लागि भनी उक्त अभियान सञ्चालन गर्न लागेको हो।

नेपालमा ८० प्रतिशत बालबालिकाले पूर्णमात्रा र २० प्रतिशत बालबालिकाले सबै खोप र चार प्रतिशत बालबालिकाले कुनै पनि खोप लगाएका छैनन् भन्ने आँकडा आएको अवस्था छ। खोप लगाउन छुटेका बच्चाको संख्या बढ्दै गई दादुरा रुवेलाको महामारीसमेत देखा परेकोले छुटेका बालबालिकालाई खोप दिन भनी यो अभियान संचालन गर्नुपर्ने अवस्था आएको भनी मन्त्रालयले जनाएको छा नजिकैको स्वास्थ्य कार्यालयमा गई आफ्ना बालबालिकालाई छुटेका खोप लगाउन र त्यस्ता बालबालिकालाई पनि खोपकेन्द्रसम्म जाने अवस्था बनाउनका लागि सबैसँग अनुरोध पनि गरेको छा

पूर्णखोप नलगाउँदासम्म ती रोगहरुको खतरा कायमै रहने बताइन्छ। त्यसैले पनि सबै बालबालिकालाई पूर्णखोप लगाउन आवश्यक रहेको मन्त्रालयले जनाएको छ। पहिलो कुरा त खोप लगाइदिनु पर्ने सबै अभिभावकको कर्तव्य हो। यसैगरी स्थानीय निकाय तथा अन्य खाले सामाजिम संघसंस्थाहरुले पनि यस कार्यमा चासो राख्ने तथा आवश्यक सहयोग गर्नुपर्ने हुन्छ। बालबालिकाले आफैंले जानेर यो खोप लगाउने होइनन्। त्यसैले पनि यो कर्ममा अरुको भूमिका बढी देखिने गर्छ। यो अभियान सफल पार्न सञ्चारमाध्यमहरुको पनि भूमिका उल्लेख्य हुने गर्दछ। यसैगरी जनप्रतिनिधि तथा छरछिमेकमा रहेका व्यक्तिहरुको पनि भूमिका बढी देखिन्छ। त्यसैले उक्त अभियानलाई सफल पारी बालबालिकालाई स्वस्थ राख्न सबैले मद्दत गर्नु उचित देखिन्छ। बालबालिका नै भोलिका कर्णधार हुन्। यो कुरालाई ख्याल गरी उक्त अभियानलाई सफल पारौं।

# तीन जनाको मुठ्ठीमा ३ करोड जनताको लोकतन्त्र

**विमल पोखरेल**

नेपालको राजनीतिक इतिहासमा ११ वैशाख २०६३ विशेष दिन हो। राजतन्त्रात्मक तानाशाही र निरंकुशतामाथि जनताको विजय भाएको दिन हो। देशको राजनीतिक घटनाक्रममा कैयौं विशेष दिनहरू रहेका छन्। ती दिनहरूले देशको इतिहास निर्माण र समाजको विकासमा धैरै महत्त्व राख्छन्। सबैभन्दा विशेष दिनचाहिँ १८२५ सालको इन्द्रजात्राको दिन थियो, जुन दिन पृथ्वीनारायण शाहले काठमाडौंमाथि विजय हासिल गरेर बृहत् नेपालको जग बसालेका थिए। ९ असोज १९०३ को कोतपर्व, जसले जंगबहादुर राणा र उनका खलकलाई शक्तिशाली बनायो र १ सय ४ वर्षसम्म निरंकुश राणा शासन लागू भयो।

७ फागुन २००७, जसले राणाहरूको हातमा रहेको सत्ता खोसेर राजा र जनता दुवैलाई राजनीतिक शक्ति प्रदान गर्‍यो। १ पुस २०१७ को संसद विघटनले राजालाई शक्तिशाली बनायो भने २६ चैत २०४६ मा भएको बहुदलीय व्यवस्थाको घोषणाले राजाको अधिकार सीमित गर्दै जनतालाई धैरै अधिकार प्राप्त भयो। १९ माघ २०६१ मा राजा ज्ञानेन्द्रले सम्पूर्ण शासनसत्ता आफ्नो हातमा लिएर निरंकुश शासन चलाए।

इतिहासमा भएका विभिन्न घटनाक्रम ऐतिहासिक कारणहरूबाट घट्ने गर्छन् र तिनका आफ्नै मौलिक महत्त्व रहने गर्छन्। जनआन्दोलन चर्किएपछि ११ वैशाख २०६३ मा पुनर्स्थापना भएको संसदले १९ माघ २०६१ मा राजाले खोसेको सत्ता जनताको हातमा मात्रै ल्याएन कि १० वर्षदेखि हिंसात्मक संघर्ष गरिरहेको माओवादीलाई समेत शान्तिपूर्ण राजनीतिमा अवतरण गरायो। ११ वैशाख २०६३ मा पुनर्स्थापित भएको संसदले गणतन्त्रको खाका कोरिसकेको थियो। औपचारिक रूपमा गणतन्त्र घोषणाको पर्खाइ मात्रै बाँकी थियो। प्रस्तुत लेख ११ वैशाख २०६३ मा राजा ज्ञानेन्द्रको निरंकुशता पराजित भएर गणतन्त्रको स्थापना, संविधानको निर्माण र त्यसका विभिन्न परिणामहरूबारे केन्द्रित छ।

**आधुनिक नेपाल निर्माणको जग**

महान् जनआन्दोलन सफल भएको ११ वैशाख २०६३ आधुनिक नेपाल निर्माणको जग हालिएको दिन हो। राजतन्त्र, निरंकुशता, हत्या, आतंकका विरुद्धमा लाखौंलाख जनता सडकमा आएर आँधीबेहरी सिर्जना गरेपछि वैशाख ११ गतेको उदय भएको थियो। राजा पृथ्वीनारायण शाहले एकीकरण गरेपछि नेपालमा २ सय ४० वर्षसम्म टिकेको राजतन्त्र वैशाख ११ गते इतिहासकै कमजोर ठाउँमा आएर थन्कियो। राजाको हातमा भएका सारा अधिकारहरू जनताले खोसेर आफ्नो हातमा लिन सफल भए। माओवादीले २०५२ सालदेखि सञ्चालन गरेको सशस्त्र संघर्ष युद्धविरामको स्थितिमा पुग्यो र शान्ति सम्झौतापछि अन्त्य भयो। संसदको पुनर्स्थापनापछि राजा ज्ञानेन्द्र निलम्बनको अवस्थामा रहे। राजा निलम्बन भएकै अवस्थामा १५ जेठ २०६५ मा देशमा गणतन्त्रको घोषणा भयो।

४ जेठ २०६३ को नौबुँदे प्रतिनिधिसभा घोषणामा प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधिसभाका सभामुखद्वारा प्रतिनिधिसभाको अधिवेशनआह्वान र अन्त्य गर्ने उल्लेख गरियो। त्यसभन्दा अगाडि राजाबाट प्रतिनिधिसभाको आह्वान र अन्त्य हुने गर्थ्यो। श्री ५ को सरकारलाई नेपाल सरकार घोषणा गरियो। शाही नेपाली सेनाको नाम परिवर्तन गरी नेपाली सेना राखियो। राजाको सल्लाहकारको रूपमा रहेको राजपरिषद्को विद्यमान व्यवस्था खारेज गरियो।

राजगद्दी उत्तराधिकारसम्बन्धी कानुन बनाउने अधिकार प्रतिनिधिसभालाई हुने, राजाको खर्च र सुविधा प्रतिनिधिसभाले निर्धारण गर्ने बनाइयो। राजाको निजी सम्पत्ति र आयमाथि कानुनबमोजिम कर लाग्ने बनाइयो। राजाबाट भए गरेका कामहरूका बारेमा प्रतिनिधिसभा र अदालतमा प्रश्न उठाउन सकिने घोषणा गरियो। राजाको हातमा रहेका अरु धैरै अधिकारहरू पूर्ण रूपमा कटौती गरियो। इतिहासको उक्त अवधिमा ज्ञानेन्द्रको नाम राष्ट्र प्रमुखको रूपमा रहे पनि सम्पूर्ण अधिकारहरू खोसियो।

राजा पृथ्वीनारायण शाहको नेतृत्वमा एकीकरण भएको र राजाहरूबाटै शासन सञ्चालन हुँदै आएको देशमा राजतन्त्रात्मक व्यवस्थाको अन्त्य र गणतन्त्रको घोषणा हुने परिस्थितिको निर्माण ११ वैशाख २०६३ मै भएको थियो। राजतन्त्रको समूल अन्त्य भएपछि गणतन्त्रात्मक व्यवस्थामा आधुनिक नेपाल निर्माणको जग बसेको हो। वैशाख ११ को जगमा संविधानसभाको चुनाव, गणतन्त्रको घोषणा, संविधानको निर्माण सम्भव भएको हो। देशले २ सय ४० वर्ष लामो राजतन्त्रको बोझबाट मुक्ति पाएको हो। देशमा ११ वैशाख २०६३ र त्यसपछि जे-जति घोषणाहरू भएका थिए, ती सबै विश्वास गर्न नसकिने गरी छिटो र अपत्यारिलो ढंगले भएका थिए। देशमा २ सय ४० वर्षदेखि शासन सञ्चालन गर्दै आएको राजतन्त्रका सम्पूर्ण पखेटाहरू एक-एक गर्दै काटिँदै गएका थिए। राजाको निरंकुशता, तानाशाही समाप्त हुँदै गएको थियो भने माओवादीको द्वन्द्व जनताको नियन्त्रणमा आइरहेको थियो र आधुनिक नेपालको जग हालिएको थियो।

**राजतन्त्र फर्काउने धन्दा**

गणतन्त्रपछि स्थापनापछि राजावादीहरू पूरै पराजित अवस्थामा पुगेका थिए। यद्यपि गणतन्त्रलाई सही ढंगले संस्थागत नगरिँदा पराजित भएका राजावादीहरूले टाउको उठाउन थाले। पञ्चायती शासन व्यवस्थाको पतनपछि पञ्चहरूले जुन राजनीतिक पार्टी खोलेका थिए, सोही पार्टीको नेतृत्वमा राजतन्त्रको नारा लगाइयो। यद्यपि, राजावादीहरूको शक्तिमा उतारचढाव भइरहेको छ। देशमा राजतन्त्र फर्काउने धन्दा विभिन्न तरिकाले चलिरहेको छ। राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी (नेपाल), दुर्गा प्रसाईंलगायतका केही व्यक्ति तथा दलले राजा ल्याउनुपर्ने मागसहित आन्दोलन गरिरहेका छन्। ज्ञानेन्द्र शाह राजतन्त्रको पक्षमा माहौल तयार गर्नका लागि मन्दिरहरू दर्शन गर्ने र विभिन्न ठाउँमा अभिनन्दन ग्रहण गर्ने कार्य गरिरहेका छन्।

पहिलो संविधानसभाबाट संविधान घोषणा नभएपछि र शान्ति प्रक्रिया टुंगो नलागेपछि २०७० सालमा राजावादीहरूको मत बढेको थियो। संविधान बनेपछि राजावादीहरू संसदमा जम्मा एक सिटमा खुम्चिए भने देशभर जमानत पनि जोगाउन नसक्ने स्थितिमा पुगे। संविधान बनेपछि २०७४ सालमा भएको पहिलो निर्वाचनबाट प्रधानमन्त्री बनेका केपी ओलीको संसद विघटन, सत्ताको खिचातानी, राजनीतिक अराजकता र भ्रष्टाचारका कारण उत्पन्न निराशाको फाइदा राजावादीहरूलाई पनि भएको छ।

राजावादीहरूले चुनावमार्फत आफूलाई प्रस्तुत गरेका भए पनि चुनावबाट तिनीहरूले ठूलो शक्ति आर्जन गर्न सकेका छैनन्। राजावादी पार्टी राप्रपाले २०७९ को निर्वाचनबाट १३ सिट जितेको छ। २०७० सालको संविधानसभा चुनावमा २५ सिटसहित कमल थापा नेतृत्वको राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल चौथो शक्तिको रूपमा उदाएको थियो। यी दुवै निर्वाचनमा राजावादीहरूको मत बढ्नुको कारण गणतन्त्रवादीहरूको सत्ता राजनीतिको घिनलाग्दो खेल हो।

जसरी राजाको प्रत्यक्ष शासनमार्फत भएको कुशासनको फाइदा गणतन्त्रवादीहरूलाई भएको थियो, त्यसरी नै गणतन्त्रवादीहरूको कुशासनको फाइदा राजावादीहरूलाई भएको छ। पुष्पकमल दाहाल प्रचण्ड र केपी ओलीहरूले राजालाई गालीगलौज गरेको देखिन्छ। त्यो आफ्नो असक्षमता लुकाउनका लागि गरिएको अनैतिक कार्य हो। जनतालाई न्याय, सुशासन, विकास, रोजगारी, शिक्षा, स्वास्थ्यको सहज व्यवस्थापन गर्ने हो भने गणतन्त्र आफैं बलियो हुँदै जान्छ। देशमा कुशासन चलाएर, जनताको आन्दोलनले मिल्क्याइसकेको राजालाई गालीगलौज गरेर गणतन्त्र बलियो हुन सक्दैन। त्यसको फाइदा राजावादीहरूलाई नै हुने हो। त्यसैले गणतन्त्र पक्षधर प्रतिपक्ष र सत्ताधारी राजनीतिक दलका नेताहरू सच्चिन आवश्यक छ।

**तीन पात्रमा घुमेको राजनीति**

देशमा विगत १८ वर्षदेखि तीन पार्टीका तीन नेताको मनोमानीले शासन सञ्चालन भइरहेको छ। त्यो मनोमानीको पृष्ठभूमि राजतन्त्रविरुद्धको संघर्ष र वैशाख ११ सँग जोडिन्छ। राजा ज्ञानेन्द्रले २०६१ माघ १९ गते प्रधानमन्त्री शेरबहादुर देउवालाई अपदस्थ गरी देशको कार्यकारी अधिकार आफ्नो हातमा लिएपछि राजनीतिक दलहरू र राजाको बीचमा शक्तिसंघर्ष चुलिएको थियो। नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा ज्ञानेन्द्रको शासनका विरुद्धमा ५ राजनीतिक दलको संघर्ष चल्यो। अर्का नेता थिए, नेकपा एमालेका महासचिव माधवकुमार नेपाल। उक्त आन्दोलनमा तत्कालीन जनमोर्चा नेपाल, नेपाल मजदुर किसान पार्टी, अहिले अस्तित्वमा नरहेको नेपाल सद्भावना पार्टी र वाममोर्चा सहभागी थिए भने सशस्त्र संघर्ष गरिरहेको माओवादीले पनि समर्थन गरेको थियो। २४ चैत २०६२ देखि ११ वैशाख २०६२ सम्म चलेको महान् जनआन्दोलनबाट राजा ज्ञानेन्द्रले आफ्नो हातमा लिएको सत्ता फिर्ता गरे भने विघटन गरेको संसद पुनर्स्थापना गरे।

संसद पुनर्स्थापना भएपछि राजनीतिक दलहरूको हातमा शासनसत्ता आयो। सरकार तथा माओवादीको बीचमा विस्तृत शान्ति सम्झौता भयो र सशस्त्र संघर्षमा रहेको माओवादी पनि शान्तिपूर्ण राजनीतिमा आयो। पुनर्स्थापना भएको प्रतिनिधिसभालाई अन्तरिम संसदमा रूपान्तरण गरियो। माओवादीले ८३ सिट लिएर संसदमा प्रतिनिधित्व गर्‍यो। माओवादी संसदमा आएपछि देशको राजनीतिमा मुख्य तीन शक्ति लगभग बराबरी हैसियतमा अस्तित्वमा आएपछि सहमति र सहकार्यको नाममा तीन पार्टी र तिनका प्रमुख नेताहरूको मनोमानी चुलिँदै गएको हो।

२०६४ सालमा संविधानसभा निर्वाचन भयो। उक्त निर्वाचनबाट माओवादी पहिलो, नेपाली कांग्रेस दोस्रो र नेकपा एमाले तेस्रो शक्तिको रूपमा संसदमा रहेका थिए। नेताहरू क्रमशः पुष्पकमल दाहाल, गिरिजाप्रसाद कोइराला र माधवकुमार नेपाल रहेका थिए। २०७० सालमा आइपुग्दा पनि स्थिति उही रह्यो। कांग्रेसमा सुशील कोइराला र शेरबहादुर देउवा, माओवादीमा निरन्तर पुष्पकमल दाहाल तथा एमालेमा झलनाथ खनाल र केपी शर्मा ओली रहने गरी नेतृत्व फेरिँदै आए पनि तीन प्रमुख पार्टीका तीन जना मुख्य नेताहरूबाट देशको राजनीति सञ्चालन हुँदै आयो। संविधान बनेपछि पनि तीन पार्टीको चंगुलबाट देश बाहिर निस्कन सकेको छैन। तीन पार्टीको चंगुलका कारण निर्वाचित संसदले समेत आफ्ने काम गर्न सकेको छैन। देशमा जे भइरहेको छ, तीन पार्टीका तीन प्रमुख नेताको निर्णयबाट भएको छ। यसले लोकतन्त्र, लोकतान्त्रिक प्रणाली र गणतन्त्रलाई कमजोर र बदनाम बनाएको छ।

विकृतिका शृंखला र तिनको अन्त्य

सरकारको नेतृत्व गर्ने नेताहरूले गणतन्त्रलाई लयमा हिँडाउन सकेका छैनन्। राजनीतिमा दर्शन, सिद्धान्त, विचार, नीति, कार्यक्रम, नैतिकता, विधि, पद्धतिहरू नियोजित रूपमा स्खलित गराइएका छन्। राजनीतिका आधारभूत मूल्य र मान्यताहरूलाई स्खलित गराइएपछि केही नेताहरूलाई सत्ताको स्वार्थ लुट्न सजिलो भएको छ। तिनीहरूले आफ्ना दर्शन, विचार र व्यवहारबारे कहिल्यै पनि जवाफ दिने गरेका छैनन्।

नेताहरूले देशमा नाङ्गो प्रकारले शासन चलाइरहेका छन्, जसका कारण जनतामा व्यापक निराशा छाएको छ। पार्टीका नेताहरूलाई ५-६ पटक प्रधानमन्त्री हुनुपर्ने मनोरोगका कारण हरेक वर्ष सरकारमा परिवर्तनहरू भइरहेका छन्। यो देशमा सरकार गठन र विघटन सधैँभरि उल्टो परिणाम ल्याउने तरिकाले भएको छ। शासन भ्रष्ट र अक्षम तरिकाले सञ्चालन गरिएको छ। राज्यप्रणाली कुहिँदै र मक्किँदै गएको छ।

प्रदेशहरूमा राजनीतिक र प्रशासनिक विकृतिले सीमा नाघिसकेको छ। संघीयता के हो र कसरी सञ्चालन हुन्छ भन्ने आमजनतालाई जानकारी नै थिएन। नेपालमा संघीयताको विषयमा कहिल्यै बहस, छलफलहरू भएका थिएनन्। २०६३ सालको जनआन्दोलनमा पनि त्यो विषय उठेकै थिएन। अन्तरिम संविधान जारी भएपछि रातारात बालुवाटारबाट संघीयता घोषणा गरिएको थियो। आज त्यही संघीयताले प्रदेशहरूमा निर्लज्ज तमासा देखाइरहेको छ।

जबर्जस्ती बनाइएका प्रदेशहरू देशका लागि सेतो हात्ती बनेका छन्। पाँच वर्षको अवधिमा प्रदेशहरूमा ३० भन्दा बढी सरकार बनिसकेका छन्। मुख्यमन्त्री र मन्त्री बनाउने, फाल्ने, फेरि बनाउने, फेरि फाल्ने कामको अन्त्यहीन शृ ला चलिरहेको छ। प्रदेशहरूमा राजनीतिक अन्त्यहीन गुण्डागर्दी चलिरहेको छ र त्यसका लागि राजनीतिक पार्टीका मुख्य नेताहरू नै जिम्मेवार छन्। प्रदेशका मुख्यमन्त्री, सांसदहरू मुख्य नेताका गोटी मात्रै हुन्।

समानुपातिक निर्वाचन प्रणालीलाई यति धैरै विकृत बनाइयो कि पार्टीका नेताहरूका भाइभतिजा, श्रीमती, प्रेमिका, मितेरी साइनोसम्मका नातागोताहरूलाई राम्राराम्रा पदमा नियुक्त गरियो। पुँजीपतिहरूबाट करोडौं पैसा लिएर समानुपातिक सांसद पद बिक्री गरियो। पैसा भएका पुँजीपतिहरू पार्टी फेर्दै पालैपालो सांसद बन्ने लहर चलिरहेको छ। पैसाले सांसद किन्न पाइने भएपछि जुनसुकै पेसा र व्यवसायका व्यक्तिहरू सांसद पद किन्न सफल भएका छन्। विकृतिहरू घट्नुको सट्टा बढिरहँदा जनतामा व्यापक निराशा छाएको छ। राजनीतिमा देखिएका विकृतिका शृ लाहरू निर्ममतापूर्वक अन्त्य गरिनुपर्छ।

**खेर गएको १८ वर्ष र अबको दिशा**

निरंकुश राजतन्त्रको अन्त्य, गणतन्त्रको घोषणा र नयाँ संविधानको निर्माण देशका ऐतिहासिक घटनाक्रमहरू हुन्, जुन ११ वैशाखसँग जोडिएका छन्। ती सबै घटनाक्रमहरूले जनतालाई शक्तिशाली बनाएको छ। ११ वैशाख २०६३ मा निरंकुश राजतन्त्रको अन्त्य हुँदा, १५ जेठ २०६५ मा गणतन्त्रको घोषणा हुँदा र ३ असोज २०७२ मा संविधानको घोषणा हुँदा नेपाली जनतामा असीमित साथ, सहयोग र उत्साह थियो।

जनताको साथ, सहयोग र उत्साहलाई नेपाली कांग्रेस, एमाले र माओवादीका मुख्य नेताहरूले चरम दुरुपयोग गरेका छन्। जनताको भावनामाथि खेलबाड गरेर व्यक्तिगत स्वार्थपूर्ति गरेका छन्। ठूलाठूला भ्रष्टाचारकाण्डहरू घटाएका छन्। देशको विकास, रोजगारी, शिक्षा, स्वास्थ्य र मौलिक अधिकारहरू लागू गर्ने सवालमा उदासीन भएका छन्। यसरी दलहरूले लोकतन्त्रका १८ वर्ष खेर फालेका छन्।

प्रधानमन्त्रीको कुर्सीमा को पुग्ने भन्ने खेलमा लाग्दा कांग्रेस र कम्युनिस्टहरूले गठबन्धन बनाएर चुनाव लड्ने जस्तो गैरसैद्धान्तिक र अनैतिक कार्य गरेका थिए। सिद्धान्ततः विपरीत ध्रुवमा उभिएका पार्टीहरू, पुँजीवादी विचारको प्रतिनिधित्व गर्ने कांग्रेस र समाजवादी विचारको प्रतिनिधित्व गर्ने माओवादीहरू एउटै चुनाव चिह्नबाट चुनाव लड्नु इतिहासकै गम्भीर भुल थियो। तत्कालीन नेकपाको फुट अर्को गम्भीर भुल थियो। उक्त फुटले देशमा अस्थिरता सिर्जना गर्ने कामबाहेक केही गरेन।

कांग्रेसलाई कांग्रेसजस्तो रहन दिइएन भने कम्युनिस्टलाई कम्युनिस्टजस्तो रहन दिइएन। कांग्रेस भनेको माओवादी हो, माओवादी भनेको कांग्रेस हो भनेर भोट मागियो। रुख र हँसिया हतौडाअंकित झण्डालाई एउटै कपडामा छाप्ने काम गरियो। सत्ता प्राप्तिका लागि लोकतन्त्रको सुन्दरताको रूपमा रहेको आमचुनावलाई पनि विकृत बनाइयो। प्रधानमन्त्री र मन्त्री पद प्राप्त गर्नका लागि सारा दर्शन, सिद्धान्त, विचारहरूलाई तिलाञ्जली दिएर यो तहको हर्कतमा उत्रिएपछि नेपाली जनतामा चुनावप्रति नै वितृष्णा सिर्जना भयो। शेरबहादुर देउवा, पुष्पकमल दाहाल, माधवकुमार नेपाललगायतका नेताहरूमा न्यूनतम राजनीतिक नैतिकता पनि देखिएन।

लोकतन्त्र भनेको ५-५ वर्षको चुनाव, राजाको ठाउँमा राष्ट्रपति हुने र दलहरूको निरंकुशतन्त्र र राजारजौटा प्रवृत्ति होइन। लोकतन्त्र भनेको अधिकारसम्पन्न जनता, आर्थिक-सामाजिक विकास, समृद्धि, न्याय, सुशासन, समानता, सरल जीवन पद्धति, उन्नत प्रकारको संस्कृति पनि हो। तीन दलका नेताहरूको मनपरी, भ्रष्टाचार, कुशासन, असमानता, बेथिति र विसंगति लोकतन्त्रका खतरा हुन्। तिनीहरूका विरुद्धमा निर्ममतापूर्वक प्रस्तुत हुनुपर्छ। भ्रष्टाचारीहरूलाई छानीछानी कारबाही गरिनुपर्छ। सुशासन, रोजगारीको सिर्जना, शिक्षा र स्वास्थ्यको ग्यारेन्टी लोकतन्त्र बलियो बनाउने न्यूनतम सर्तहरू हुन्। त्यस दिशामा राजनीतिक दलहरू केन्द्रित हुनैपर्छ। देशको विकासका सम्भावनाहरूको खोजी गर्न धैरै ढिलाइ भइसकेको छ।

यो १८ वर्षमा भएका गम्भीर भुलहरूबाट पाठ सिक्दै अनावश्यक ठूलो संख्याको प्रतिनिधिसभा कटौती, संघीयता खारेजी, समानुपातिक निर्वाचन प्रणाली र अनावश्यक संयन्त्रको रूपमा रहेको जिल्ला समन्वय समितिको खारेजीलगायतका विषयहरू सम्बोधन गर्नका लागि संविधान संशोधन गर्न ढिलाइ भइसकेको छ। जनताबाट निर्वाचित सरकारहरूलाई कम्तीमा ५ वर्ष टिकाउनुपर्छ। त्यसका लागि संविधान संशोधन एक मात्र विकल्प हो। हरेक वर्ष सरकार ढाल्ने र बनाउने कार्यले गणतन्त्रलाई बदनाम बनाउने र लोकन्त्रलाई कमजोर बनाइरहेको छ। विगत १८ वर्षबाट पाठ नसिक्ने हो भने देशमा अराजकता झनै बढ्दै जानेछ। त्यसको फाइदा लोकतन्त्रविरोधी र विदेशी शक्तिहरूले लिनेछन्। गणतन्त्रका लागि लडेका सम्पूर्ण शक्तिहरूले नै लोकतन्त्रलाई बलियो बनाउन सक्छन्। सरकारी संयन्त्र र राजनीतिक पार्टीहरूभित्र रहेका भ्रष्ट, अनैतिक र पदलोलुप व्यक्ति र प्रवृत्तिका विरुद्ध लडेर मात्रै लोकतन्त्रलाई बलियो बनाउन सकिन्छ। ११ वैशाखको विजयको सन्देश पनि यही हो।

# ग्लोबल आइएमई बैंक 'उत्कृष्ट बैंक'




काठमाडौं। ग्लोबल आइएमई बैंक उत्कृष्ट बनेको छ। सबैभन्दा धेरै सूचकाङ्कहरूमा अगुवाई गर्दै ग्लोबल आइएमई उत्कृष्ट बैंक बनेको हो। वाणिज्य बैंकहरूले प्रकाशित गरेका पछिल्ला वित्तीय विवरणहरू, बैंकहरूले विगत तीन वर्षमा सेयरधनीलाई वितरण गरेको लाभांश दर, गत वर्ष सरकारलाई तिरेको कर रकम, रोजगारी सिर्जना तथा वित्तीय पहुँचमा पुर्याएको योगदान, संस्थागत सामाजिक उत्तरदायित्वमा गरिएको खर्च, आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षणसहित प्रकाशित वार्षिक प्रतिवेदन, विगत तीन वर्षमा वार्षिक साधारणसभाको नियमितता, सुशासनसँग सम्बन्धित भएर नेपाल राष्ट्र बैंकले गरेको कारवाही सम्बन्धि विवरणहरु लगायत १५ वटा सूचकाङ्कहरूमा संकलित विवरणहरुका आधारमा विकास मिडियाले बैंकहरुको मूल्याङ्कन गरेको हो।

विकास मिडियाको मूल्याङ्कनमा २० वाणिज्य बैंकहरु मध्ये नबिल दोस्रो र एनआईसी एशिया बैंक तेस्रो ठूलो र प्रभावकारी देखिएका छन्। पूणर् सरकारी स्वामित्वमा रहेको राष्ट्रिय बाणिज्य बैंक चौथो स्थानमा रहेको छ। नेपाल इन्भेष्टमेन्ट मेघा बैंक टप फाइभमा परेको छ।

सेयर पुँजी, कुल सम्पत्ति, निक्षेप परिचालन र सरकारलाई तिरेको कर रकममा ग्लोबल आईएमई बैंक सबैभन्दा अगाडि छ। बैंकको कुल पुँजी कोष, बैंकको शाखा संख्या र कर्मचारी संख्याको आधारमा यो बैंक दोस्रो स्थानमा छ। सामाजिक उत्तरदायित्वतर्फ गरेको खर्च, ब्याजदर अन्तर, सेयरधनीलाई दिएको लाभांश, पुँजी कोष अनुपात, निक्षेकर्जा अनुपात लगायत वित्तीय सन्तुलनका सूचकाङ्कमा राम्रा ७ वटा बैंकभित्र ग्लोबल आईएमई बैंक परेको छ। वार्षिक साधारणसभाको नियमितता, सेयरधनीलाई नियमित लाभांश वितरण गर्न सफल भए पनि बैंकले सेयरधनीलाई दिने लाभांश गत वर्ष एकल अंकमा झरेर सातौं नम्बरमा सीमित भएको छ।

बढ्दो खराब कर्जा, खस्कँदो सेयर मूल्य र राष्ट्र बैंकले गत वर्ष गरेको कारवाही संख्या यो बैंकको कमजोर पक्ष हुन्, जसलाई सुधार गर्न बैंकले राम्रै मिहिनेत गर्नुपर्ने देखिन्छ। सेयर मूल्यका आधारमा २० बैंकमध्ये ग्लोबल आईएमई बैंक १३औं स्थानमा छ।

विगत तीन वर्षमा नबिल बैंकले सेयरधनीलाई ७८.५५ प्रतिशत लाभांश वितरण गरेको छ, जुन २० वाणिज्य बैंकमध्ये सबैभन्दा उच्चदर हो। सेयरधनीलाई उच्च लाभांश खुवाउन सफल यस बैंकले गत आर्थिक वर्षमा नेपाल सरकारलाई सबैभन्दा बढी कर बुझाएको लेखापरीक्षण भई प्रकाशित वार्षिक प्रतिवेदनले देखाएको छ। आर्थिक वर्ष २०७९/८० मा नबिल बैंकले २ अर्ब ८० करोड ३० लाख ८३ हजार ३२९ रुपैयाँ कर तिरेको छ।

यद्यपि, आर्थिक वर्ष २०७९/८० मा बैकिङ क्षेत्रबाट सबैभन्दा बढी कर तिरेको भन्दै सरकारले ग्लोबल आईएमई बैंकलाई सम्मानित गरेको थियो। लेखापरीक्षण भई प्रकाशित वासलातमा ग्लोबल आईएमई बैंकले २ अर्ब ७८ करोड ८१ लाख २ हजार ४५२ रुपैयाँ कर तिरेको देखिन्छ। तर, बैंकले आफ्नो वार्षिक प्रतिवेदनमा आव २०७९/८० मा बैंकले नेपाल सरकारलाई संस्थागत आयकर र श्रोतमा कर कट्टी गरी करिवब ६ अर्ब ४० करोड रुपैयाँको योगदान गरेको उल्लेख छ।

कुल निक्षेप परिचालन र कुल सम्पत्तिको आधारमा नबिल बैंक दोस्रो स्थानमा छ। पुँजी कोष र सेयर मूल्यका आधारमा यो बैंक तेस्रो स्थानमा छ। पछिल्लो समय यस बैंकको खराब कर्जा बढेर ४ प्रतिशत नाघ्नु र सेयरधनीलाई दिने लाभांश दरमा उच्च गिरावट आउनु यस बैंकको मुख्य चुनौती हो। विगत धेरै वर्षसम्म वाणिज्य बैंकहरु मध्ये सबैभन्दा महँगो रहेको नबिल नविलको सेयर तेस्रो स्थानमा झरेको छ। वित्तीय बजारमा नबिल बैंकलाई धेरैले अनुसरण गर्दै आएका छन्। यद्यपि कानूनको परिपालनामा कैफियत जनाउँदै केन्द्रीय बैंकले यस बैंकलाई पनि कारवाही गरेको देखियो।

तेस्रो स्थानमा रहेको एनआईसी एशिया बैंकको सबैभन्दा धेरै शाखा, सबैभन्दा धेरै कर्मचारी छन् भने गत वर्ष सरकारलाई बुझाएको कर र सेयरमा चौथो स्थानमा छ। निक्षेप र कुल सम्पत्तिका आधारमा पाँचौ स्थानमा रहेको यो बैंक गत आर्थिक वर्षको लाभांशबाट ३०.५२ प्रतिशत लाभांश दिएपनि अघिल्ला दुई आर्थिक वर्षमा यस बैंकका सेयरधनीले लाभांश नपाएको देखियो। वाणिज्य बैंकहरुको तीन वर्षको औषत लाभांशमा एनआईसी एशिया बैंक १२औं स्थानमा देखिन्छ। कर्जा निक्षेप अनुपात, पुँजी प्रायाप्तता अनुपात एवं सन्तुलित व्यवसाय विस्तार, वार्षिक साधारणसभाको नियमिततामा यो बैंकले सुधार गर्नुपर्ने देखिन्छ।

चौथो स्थान रहन सफल राष्ट्रिय वाणिज्य बैंकको अन्तर ब्याजदर सबैभन्दा कम ३.८२ प्रतिशत छ। ७.४२ प्रतिशत बेस रेट हुनु, पुँजीकोष अनुपात, कर्जा निक्षेप अनुपातमा सन्तुलन हुनु, सेयरधनीलाई तीन वर्षमा ५१ प्रतिशत लाभांश खुवाउन यस बैंकको राम्रा पक्ष हुन्। ठूलो बैंक भएर पनि सरकारलाई बुझाएको कर र संस्थागत सामाजिक उत्तरदायित्वमा गरिएको न्यून खर्च यो बैंकको कमजोर पक्ष हो। १९ वटा वाणिज्य बैंक नेपाल स्टक एक्स्चेञ्जमा सूचिकृत भई सेयर कारोबार गर्दै गर्दा राष्ट्रिय वाणिज्य बैंक नेप्सेमा सूचिकृत छैन। यो बैंक सरकारको सोलो बैंकको रूपमा चलेको छ। राष्ट्रिय वाणिज्य बैंकको मूल्याङकन गर्दा प्रतिसेयर आम्दानी (इपीएस)लाई आधार मानेर अंकभार जोड गरिएको छ।

**कुन सूचकमा कुन बैंक राम्रो ?**

पुँजी कोषका आधारमा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक सबैभन्दा ठूलो रहेको छ। संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गत आर्थिक वर्षमा यस बैंकले सबैभन्दा बढी खर्च गरेको छ। निक्षेप, कुल सम्पत्ति र सरकारलाई तिरेको करको आधारमा यो चौथो ठूलो बैंक हो। बैंकको शाखा, कर्मचारीका आधारमा यो पाँचौ ठूलो बैंक हो।

गत चैत मसान्तमा सबैभन्दा कम अर्थात ०.७ प्रतिशत खराब कर्जा रहेको एभरेष्ट बैंकको धेरै परिसूचक राम्रा छन्। विगत तीन वर्षमा सेयरधनीलाई दिएको लाभांशका आधारमा यो बैंक दोस्रो राम्रो बैंक हो। चैत मसान्तको सेयर मूल्यका आधारमा पनि यो दोस्रो स्थानमा छ। सेयर मूल्य र आधारदमा स्ट्र्याण्डर्ड चार्टर्ड बैंक नेपाल सबैभन्दा अगाडि छ। विगत तीन वर्षमा सेयरधनीलाई लाभांश दिनेमा यो बैंक चौथो स्थानमा छ। पछिल्लो समय कम खराब कर्जा हुने बैंकको सूचिमा यो बैंक चौथो स्थानमा छ। गत आर्थिक वर्षमा सरकारलाई बुझाएको कर र सामाजिक क्षेत्रमा गरेको खर्चको आधारमा यो बैंक छैटौं स्थानमा छ। राम्रो बैकिङ अभ्यास गरेर नेपालमा अनुकरणीय पदचिन्ह छोड्दै गएको स्ट्याण्डर्ड चार्टर्ट बैंक लगानी विस्तार, वित्तीय पहुँच विस्तार, रोजगारी सिर्जना लगायतका सूचकाङ्कमा पछाडि छ।

कर्जा निक्षेप अनुपात, सीडी रेसियो अनुपातमा सन्तुलन गर्ने र नियमित रूपमा सबैभन्दा पहिला वार्षिक साधारणसभा गर्ने सवालमा सिटिजन्स बैंक इन्टरनेशनल अगाडि छ भने माछापुच्छे बैंक दोस्रो स्थानमा छ। राष्ट्र बैंकको कारवाही भोग्ने सूचिमा नरहेकाले यी दुवै बैंकको सुशासन पनि राम्रो देखिन्छ।

**८.९९ प्रतिशत ब्याजमा घर कर्जा, १२ करोडसम्म ऋण सुविधा**

यसैवीच, ग्लोबल आइएमई बैंक लिमिटेडले ८.९९ प्रतिशत स्थिर ब्याजदरमा ग्लोबल ग्रीन आवास कर्जा योजना ल्याएको छ। यस कर्जा योजनाअन्तर्गत ७ वर्षसम्मको कर्जा अवधिमा अधिकतम् १२ करोड रुपैयाँसम्म कर्जा लिन पाउने व्यवस्था रहेको छ।

वातावरणमैत्री गतिविधिहरुलाई उत्प्रेरित गर्ने उद्देश्यले बैंकले दिगो विकास लक्ष्य अनुरुप विभिन्न बैंकिङ्ग सेवा तथा सुविधा प्रदान गर्दै आइरहेको छ। यस योजनाअन्तर्गत सहभागी हुने सेवाग्राहीलाई मोबाइल बैकिङ्ग तथा क्रेडिट कार्ड समेत निशुल्क जारी गरिनेछ।

इको-फ्रेन्डली घर/भवन र अपार्टमेन्टहरूको निर्माण गर्न, पर्यावरण-मैत्री व्यक्तिगत घर वा आवासीय अपार्टमेन्ट तथा फ्ल्याटहरू खरिद गर्नका लागि यो कर्जा लिन सकिनेछ। यसका साथै वातावरणमैत्री उपायहरू अवलम्बन गर्ने क्रममा विद्यमान भवनहरूलाई पर्यावरणमैत्रीमा स्तरोन्नति तथा इको-फ्रेन्डली भवनहरूको मर्मतसम्भारका लागि समेत यस कर्जाको उपभोग गर्न सकिनेछ। ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो। बैंकको ३५४ शाखा कार्यालय, ३७९ एटिएम, २७७ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्र रहेका छन।

ग्लोबल आइएमई बैंक, सबैका लागि बैंकिङ्ग सेवा प्रदान गर्ने बैंक हो जसले विभिन्न सेवा तथा सुविधा सहितका योजना मार्फत आफ्ना ४६ लाख भन्दा बढी ग्राहकलाई, उत्कृष्ट सेवा प्रदान गरी लावान्भित गरिरहेको छ। बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूणर् योगदान पुऱ्याउँदै आइरहेको छ।




## बढी रेमिट्यान्स भित्र्याउने बैंकका रूपमा नेपाल एसबिआई सम्मानित

काठमाडौं। नेपाल एसबिआई बैंकले रेमिट्यान्सको आप्रवाह विधा तर्फ उल्लेखनीय योगदान गरेकोमा सम्मानित भएको छ। नेपाल राष्ट्र बैंकको ६९ औं वार्षिक उत्सव समारोहको अवसर पारेर शुक्रबारमा गरिएको कार्यक्रममा नेपाल एसबिआई बैंकलाई प्रशंसापत्र प्रदान गरिएको हो।



उक्त प्रशंसापत्र नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले यस बैंकका प्रबन्ध निर्देशक तथा प्रमूख कार्यकारी अधिकृत दीपक कूमार देलाई प्रदान गरेका थिए। आर्थिक वर्ष भित्र २०७९/८०बैंक तथा वित्तीय संस्थाहरु मध्ये यस बैंकले बढी विप्रेषण भित्र्याउिने कार्यमा उल्लेखनीय योगदान गरेकोमा उक्त सम्मान प्रदान गरिएको हो।

## कामना सेवा विकास बैंकका ग्राहकलाई मुक्तिनाथ पोलिक्लिनिकमा ५० प्रतिशत छुट

काठमाडौं। कामना सेवा विकास बैंकका ग्राहकलाई ओम मुक्तिनाथ पोलिक्लिनिक प्राइभेट लिमिटेडमा छुट हुने भएको छ। बैंकले बुटवल, रुपन्देही स्थित मुक्तिनाथ पोलीकिल्नीक प्राइभेट लिमिटेड सँग सेवा शुल्क छुट सम्बन्धी सम्झौता गरेको हो। यस सम्झौता अन्तर्गत बैंकका कर्मचारी र ग्राहकहरुले ल्याबले प्रदान गर्ने विभिन्न सेवा-सुविधामा ५० प्रतिशत सम्म छुट प्राप्त गर्न सक्नेछन्।



स्वास्थ्य सेवाका पहुँच सर्वसाधारण व्यक्तिहरु सम्म पुर्याउने उद्धेश्यले स्थापित उक्त मुक्तिनाथ पोलिक्लिनिक प्राइभेट लिमिटेडमा कामना सेवा विकास बैंकका कर्मचारी तथा ग्राहकहरुले आफ्नो बैंकसँगको आबद्धताको प्रमाणको आधारमा यो सुविधा सहजै प्राप्त गर्न सकिनेछ। यस सम्झौताबाट बैंकसँग आबद्ध सम्पूर्ण ग्राहकहरुले विशेष लाभ लिने बैंकले विश्वास लिएको छ। हाल बैंकले आफ्ना १३५ सञ्जालहरु तथा ७७ एटिएम तथा विभिन्न शाखा रहित सेवा केन्द्र मार्फत् आफ्नो अत्याधुनिक सेवा सुविधाहरु प्रदान गरि रहेको छ।

## सिटिजन्स बैंकद्वारा फातिमा फाउन्डेसन नेपाललाई सिलाई मेसिन प्रदान

काठमाडौं। सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले आफ्नो संस्थागत सामाजिक उतरदायित्व कार्यक्रम अन्तर्गत फातिमा फाउन्डेसन नेपाललाई सहयोग प्रदान गरको छ। बाँके जिल्लामा अवस्थित फातिमा फाउन्डेसन महिलाले नेत्रित्व गरि चलाउँदै आएको एक सामाजिक संस्था हो जसले मुस्लिम, मधेशी र अन्य पिछडिएका बर्गका महिला तथा बालबालिकाहरुको



हकहितका लागी काम गर्दै आएको छ। बैंकले फातिमा फाउन्डेसनमा आवद्द विपन्न पृष्ठभूमिका महिलाहरुलाई स्वरोजगार सृजना गर्ने उद्देश्यका साथ २० वटा सिलाई मेसिन सहयोग स्वरुप वितरण गरेको छ। बैंकले यस कार्यबाट विपन्न समुदायका महिलाहरूमा रोजगारीको अवसर सृजना हुने, आय आर्जन हुने र उनीहरूको जीवनशैलीको पनि स्तरोन्नति हुने विश्वास लिएको छ।

संस्थामा आयोजित एक समारोहका बीच बैंकका प्रमुख कार्यकारी अधिकृत गणेश राज पोखरेलज्यूले सहयोग स्वरुप सिलाई मेसिनहरु हस्तान्तरण गरेका हुन्। समारोहलाई सम्बोधन गर्दै प्रमुख कार्यकारी अधिकृत पोखरेलले बैंकको यो सानो पहलले महिलाहरूलाई आत्मनिर्भर बन्न र उनीहरुको जीवनस्तर उकास्न मद्दत गर्ने विश्वास व्यक्त गरे।

विपन्न समुदायका महिलाहरूलाई सहयोग प्रदान गर्न पाँउदा आफु हर्षित भएको पनि बताए। बैंकले संस्थागत सामाजिक उतरदायित्व कार्यक्रम अन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रम संचालन गर्दै आएको र आगामी दिनमा पनि गर्ने योजना रहेको जानकारी गराएको छ।

# मन्त्रीका बेलगाम सचिवालयहरू

सञ्जय गुरुङ

नेपालमा संघीय सरकारका मन्त्रीहरूको दैनिक कार्यमा सहयोगको लागि सरकारी कर्मचारीहरूको टिम भएको निजी सचिवालय तथा मन्त्रीले इच्छाइएका व्यक्तिहरू भएको स्वकीय सचिवालयको कानुनी व्यवस्था छ। मन्त्रीहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०४९ मा निजी सचिवालयको व्यवस्था छ भने स्वकीय सचिवालयका कर्मचारी, तिनका सुविधा र संख्याको व्यवस्था अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका २०७७ को नियम ७.१.९ मा छ।

निजी सचिवालयमा मन्त्रीको रुचि र सहमतिमा मन्त्रालय भित्रै कार्यरत वा देशभरिका जुनसुकै सरकारी सेवामा (निजामती वा अन्य सरकारी संघ संस्थानमा कार्यरत वा शिक्षक लगायत) कार्यरत कर्मचारी रहन सक्छ। जसमा सामान्यतया उपसचिव वा सो सरहको कर्मचारीको नेतृत्वमा अधिकृत, नायव सुब्बा, कम्प्युटर अपरेटर, कार्यालय सहयोगी र सवारी चालक समेत गरी कम्तीमा पाँच जनाको टिम हुन्छ। त्यसैगरी स्वकीय सचिवालयमा मन्त्रीबाटै नियुक्त उपस्वकीय अधिकृत (उपसचिव सरह) सहित स्वकीय अधिकृत, एक स्वकीय प्रशासन सहायक, हलुका सवारी चालक दुई तथा कार्यालय सहयोगी दुई जनाको गरी राज्यकोषबाट तलब भत्ता पाउने गरी सात जनाको स्वकीय सचिवालय हुन्छ।

निजी सचिवालयका कर्मचारीहरू मन्त्रीको आगमन पश्चात् निजी सचिवालयमा सरुवा भई आउँछन् र मन्त्री पदबाट हटे पश्चात् आ-आफ्नो दरबन्दीमा फिर्ता भएर जान्छन् भने स्वकीय सचिवालयका कर्मचारीहरू मन्त्रीले नियुक्त गरेको दिनदेखि कार्य गरी मन्त्री पदमुक्त भएसँगै स्वतः पदमुक्त हुने कानुनी व्यवस्था छ। निजी सचिवालयको मुख्य कार्य भनेको मन्त्रीलाई मन्त्रालयको कार्यमा प्रचलित ऐन कानुन र विधि बमोजिम सहयोग गर्नु नै हो। सरकारी कामकाजको तौरतरिकाको जानकारी गराउनु हो। सरकारी भेटघाटमा सहभागी भई अभिलेख राख्नु, प्रतिवेदन संकलन गर्नु हो। प्राप्त अभिलेखहरू सुरक्षित राख्नु हो।

मन्त्रिपरिषद्मा लैजाने विषयहरूमा सहयोग गर्नु तथा कार्यालय समयभित्रका आगन्तुक भेटघाटको व्यवस्थापन गर्नु आदि प्रमुख कार्य हुन्। मन्त्रीलाई आवश्यक सवारी साधन, मसलन्द, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भ्रमण व्यवस्थापन, कार्यकक्ष व्यवस्थापन, सुरक्षा लगायत विषयमा मन्त्रालयसँग समन्वय गरी कार्य गर्नु निजी सचिवालयको कार्य हो। यसरी मन्त्रालयको सचिव र सिंगो मन्त्रालयका महाशाखा, शाखाहरूसँग सेतुको कार्य गरी निजी सचिवालयले मन्त्रीलाई सहयोग गर्छ। सरकारी कर्मचारीको समूह भएको हुँदा निजी सचिवालयले मन्त्रीलाई खासगरी कार्यालय समयमा र मन्त्रालयमा बसेर सहयोग गर्छ।

त्यसैगरी स्वकीय सचिवालयको कार्य मन्त्रीको निर्वाचन क्षेत्र, पार्टी पंक्ति र कार्यकर्ता, जनतासँगको भेटघाट व्यवस्थापन गरी सहयोग गर्नु हो। कार्यालय समय अघिपछि, मन्त्री निवास तथा निजी निवास त्यसैगरी निर्वाचन क्षेत्रमा समेत रही मन्त्रीलाई सहयोगको लागि स्वकीय सचिवालयको व्यवस्था गरिएको हो। खासगरी कार्यालय समय अघिपछि र सिंहदरबार बाहिर निजी सचिवालयले मन्त्रीको भेटघाट व्यवस्थापन गर्न नसक्ने अवस्थामा स्वकीय सचिवालयले सो कार्य गर्ने गर्दछ। मन्त्रीको भेटघाट व्यवस्थापन गर्नु, भ्रमण तालिका बनाउनु, राजनैतिक प्रकृतिका मन्तव्यहरू तयार गरिदिनु, दैनिक कार्यतालिका बनाइदिनु, मन्त्रालयसँग समन्वय गरिदिनु, निर्णय भएका विषयहरू शीघ्रताका साथ कार्यान्वयन गर्नु-गराउनु लगायत हर तरहले मन्त्री र उनको पार्टीलाई सफल पार्दै राष्ट्रसेवा गर्ने स्थान हो त्यो। मितव्ययिता, सदाचारिता, नम्र स्वभाव, समन्वय क्षमता, बौद्धिकता र गोप्यता अपेक्षित हुन्छ स्वकीय सचिवालयमा बस्नेको।

अब प्रश्न उठ्छ- माननीय मन्त्रीका सचिवालयहरूले माथि उल्लिखित कार्य मात्र गरेका छन् त ? माथि उल्लिखित आचरण र व्यवहार छ त सचिवालयका कर्मचारीहरूको ? आम जनता, कर्मचारी तथा सेवाग्राहीको जवाफ छ, बिल्कुलै छैन। पछिल्लो केही वर्षदेखि मन्त्रीका सचिवालयहरू सहयोगी कम साँढे जस्ता बेलगाम हुन थालेका छन्। पञ्चायती व्यवस्था, संवैधानिक राजतन्त्र, लोकतन्त्र हुँदै अहिले संघीय गणतन्त्रमा नेपाल आइपुग्दा संघीय माननीय मन्त्रीका खासगरी स्वकीय सचिवालयहरू यति बेलगाम, नियम कानुन नमान्ने हठधर्मी तथा अपारदर्शी हुन थालेका छन् कि भनी साध्य छैन। आज तपाइँ सिंहदरबारको अधिकांश मन्त्रालयहरूमा जानुस्, निजी सचिवालय सानो कोठामा थन्किएको छ भने स्वकीय सचिवालय जम्बो हुन थालेको छ। मन्त्रालयमा आवश्यकै नपर्ने स्वकीय सचिवालयलाई पछिल्लो समय झन्-झन् शक्तिशाली बनाइन थालिएको छ। मन्त्रीकै नाम भजाएर मन्त्री तथा तिनले प्रतिनिधित्व गरेको दललाई नै बदनाम गर्ने कार्य समेत हुन थालेको छ स्वकीय सचिवालयहरूबाट। केही समयअघि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीले सरुवामा व्यापक चलखेल गरेको गुनासो आएपछि आफ्ना स्वकीय सचिवालयका कर्मचारीलाई हटाएको विषय पत्रिकाहरू मार्फत सार्वजनिक भएको थियो।

स्वकीय सचिवालयलाई २०५५ साल अगाडि मन्त्रालयमा कार्यकक्ष भएको पाइँदैन। २०६० साल सम्म पनि स्वकीय सचिवालयका कर्मचारीहरू मन्त्रीकै झण्डावाला गाडीमा आउजाउ गर्ने गर्थे। छुट्टै सवारी साधन दिने त कल्पनै थिएन उ बेला। अहिले त यस्तो अवस्था आइसक्यो कि स्वकीय सचिवालयहरू मन्त्रालयका महाशाखाहरू भन्दा शक्तिशाली छन्। अनि ऐन कानुनले तोके भन्दा बढी स्वकीय नियुक्ति गर्नाले मन्त्रालयलाई कार्यकक्ष, फर्निचर, कम्प्युटर लगायत कार्यालय सामग्री पुऱ्याउनै धौ-धौ हुने गरेको छ। अहिले नियममै नभएको प्रेस संयोजक र सल्लाहकार राख्ने फेशन भएको छ मन्त्रालयहरूमा। सूचना तथा प्रविधि मन्त्रालय बाहेक त्यस प्रकारको नियुक्तिको कुनै कानुनी व्यवस्था नै छैन नेपालमा। अघिल्लो सरकारका एकजना चकलेटी मन्त्रीको सचिवालयमा त वैतनिक अवैतनिक सल्लाहकार समेत गरी एक दर्जन बढीको स्वकीय सचिवालय थियो।

नियमतः मन्त्रालयमा सहसचिव भन्दा तल्लो पदलाई व्यक्तिगत सवारी सुविधा छँदै छैन। सवारी साधनको उपलब्धता अनुसार एकभन्दा बढी उच्च कर्मचारी मिलेर घरबाट कार्यालयसम्म आउजाउ गर्नेसम्मको सवारी साधनको व्यवस्था भएकोमा निजी तथा स्वकीय सचिवालयका शाखा अधिकृत तथा नायव सुब्बासम्मले चारपांग्रे सवारी साधन प्रयोग गर्ने गरेका छन्। सचिवालयबाट सवारी साधनको यति धेरै माग हुन्छ कि व्यवस्थापन गर्नै कठिन हुने गरेको छ मन्त्रालयहरूलाई। मोटरसाइकल नयाँ खरीद गर्न पाएको छैन सचिवालयलाई चाहिहाल्छ। ल्यापटप राम्रा जति सबै उतै। स्रोत-साधनहरूको यति धेरै माग छ कि थामिनसक्नु छ।

तर यो हदको बेथितिमा कोही बोल्नै चाहँदैन। सवारी साधनका, मसलन्द सामानका, चिया नास्ताका सानातिना कुरा मन्त्रीसम्म के पुऱ्याउनु भन्यो तर यस्तै सामान्य कुराले सिंगो मन्त्रालयलाई गाह्रो परिरहेको हुन्छ। फेरि स्वकीय सचिवालयका कर्मचारीहरूलाई मन्त्रीको सहायक भएकोमा यति घमण्ड हुन्छ कि बाफ रे बाफ! हुँकार गर्दै सबै कर्मचारीलाई गाली गरेर बसिरहेका हुन्छन् धेरैजसो। म नै सबैथोक जस्तो गर्छन्। कर्मचारीतन्त्र बारेको ज्ञान, कानुन, नियम, विधि, प्रक्रिया, मर्यादा केही मतलब छैन।

मैले भने पछि सचिवले पनि मान्नुपर्छ भन्ने मानसिकता हुन्छ। फेरि आफू छन् उपसचिव सरहका तर प्रथम श्रेणीका महाशाखा प्रमुखको रूपमा कार्यरत वरिष्ठ सहसचिवहरूसम्मलाई ठाडै हप्काउँछन्। भोलिसम्म रहने त तिनै सहसचिवहरू, सचिवहरू हुन्। सहकार्य तिनीहरूसँग नै गर्ने हो भन्ने अलिकति पनि ख्याल गर्दैनन्। केही वर्षअघि पर्यटन मन्त्रालयमा नियुक्त भई आएका भलाद्मी स्वभावका माननीय मन्त्रीका स्वकीय उपसचिवले मागेको केही कुरा बेलैमा नपाए पछि सचिवलाई बोलाउनुस् यहाँ भनी स्वकीयले कार्यालय सहयोगीलाई अह्राए। अब स्वकीय सचिवले सचिवलाई त्यसरी बोलाएर पठाए भन्दैमा सचिव आउने कुरो त भएन।

ती सचिव निजामती प्रशासनमा साह्रै कडा, हक्की स्वभावका इमानदार मानिन्थे। सचिवले मन्त्रीलाई नै कस्तो स्वकीय राख्नुभएको मन्त्रीज्यू ? एउटा उपसचिव सरहको तपाईंको स्वकीयले मलाई सचिवालयमा बोलाउने ? खटनपटन गर्ने ? भनेर मन्त्रीलाई नै सचिवको मर्यादा बारे सचेत गराउनुपरेको थियो। पछिल्लो समय स्वकीय सचिवालयले मन्त्रालयको समग्र खरीद प्रक्रिया, सरुवाबढुवा तथा वैदेशिक भ्रमणमा पनि हस्तक्षेप गर्न थालेको छ। जुन बिल्कुलै गलत अभ्यास हो। सामान सप्लायर्स तथा निर्माणकर्ताहरू स्वकीय सचिवालय मार्फत खरीद ऐन नियमावली विपरीतका खरीद तथा निर्माण त्यसैगरी परामर्श सेवाका लागि दबाब दिन थालेका छन्।

त्यसले समग्र मन्त्रालयको कार्य प्रणालीमा नै अवरोध हुन थालेको छ। स्वीकृत बजेट, खरीद गर्ने विधि, खरीद शीर्षक बारे केही ज्ञान नभएका वा अल्प ज्ञान भएकाहरूले दिने दबाबले लगभग सबै मन्त्रालय हैरान छन् तर कोही बोल्दैनन्। आर्थिक वर्षको सुरुमै खरीद सम्बन्धी बोलपत्र माग गरी टेन्डर प्रक्रियाबाट खरीद कार्य हुन्छ। केही स्वकीय सचिवालयले सप्लायर्सहरूको कुरामा लागेर बजेटै नभएको शीर्षकमा खरीदको लागि दबाब दिनाले सम्बन्धित फाँटका कर्मचारी सरुवा भएर हिंड्नेसम्मको स्थिति छ अहिले। शीर्षकमै नभएको अथवा न्यून बजेट भएको शीर्षकबाट अनियन्त्रित खरीद भएपछि भुक्तानी हुनसक्ने कुरै भएन। अनि भुक्तानी हुन नसकेपछि जसरी पनि भुक्तानीको लागि फेरि दबाब सुरु हुन्छ। अनि आर्थिक प्रशासन, कर्मचारी प्रशासन र भण्डार शाखामा कार्यरत सबैलाई तनाव सुरु हुन्छ।

मन्त्रालयमा जिन्सी मालसामान खरीद सम्बन्धी वार्षिक खरीद योजना हुन्छ। त्यस अनुसार बजेट विनियोजन भई खरीद ऐन बमोजिम टेन्डर/घटाघटबाट मालसामान खरीद गरिएको हुन्छ। अब एक वर्षमै पटक-पटक मन्त्री फेरिन्छन्। स्वकीय सचिवालय पनि पटकपटकै बन्ने नै भो। बजेट छ छैन सचिवालयलाई के मतलब। माग गरिदिन्छन्। एज्युकेटिभ डायरी, भी ७ पेन, पेनड्राइभ, छाता, लेदर ब्याग, ट्रली ब्याग, रेनकोट, मास्क, स्यानिटाइजर जस्ता धेरै पटक खरीद नहुने किसिमका सामानहरू अत्यधिक माग भइदिनाले समस्या हुने गरेको छ। छैन भन्नु हुँदैन विचरा अनंकित तहको भण्डार सहायकलाई सरुवाको धम्की आइहाल्छ।

सचिवालय मार्फत मन्त्रीले भनेपछि सरुवा गर्नै पर्ने अवस्था आउँछ कर्मचारी प्रशासनलाई पनि। पछिल्लो दुई वर्षमै संघीय मामिला तथा सामान्य प्रशासन, वन, पर्यटन, शहरी विकास तथा महिला तथा बालबालिका मन्त्रालयमा सचिवालयकै दबाब थेग्न नसकी आन्तरिक व्यवस्थापन हेर्ने थुप्रै कर्मचारी फेरिएका प्रशस्त उदाहरण छन् सिंहदरबारमा। स्वकीय सचिवालयमा कार्यरतहरूलाई मन्त्रालयमा काम गर्दा भोलिका दिनमा आइपर्ने कुनै किसिमको जस वा अपजस केही लिनु-दिनु नपर्ने हुँदोरहेछ। सफल वा असफल जे भए पनि माननीय मन्त्री र मन्त्रालयले भोग्दो रहेछ।

स्वकीय सचिवालयलाई त हाइसन्चो। धेरै अगाडिको के कुरा गर्नु, गणतन्त्र पछिको कुनै पनि सरकारमा मन्त्री भइसकेका राजनैतिक व्यक्तित्वको जस र अपजसमा कुनै स्वकीयको नाम सुन्नुभएको छ तपाईंले ? अहँ छैन। होस् पनि कसरी। सहयोगीले जस र अपजस लिने कुरो पनि त भएन नि! पहिले पहिले मन्त्रीको स्वकीयमा पार्टीले खटाउने गरेको हुन्थ्यो। जिल्ला कमिटीमा बसेका अझ त्योभन्दा माथि बसेकाहरू स्वकीयमा बस्थे। पार्टी, कार्यकर्ता र मन्त्रीको सेतुको रूपमा काम गर्थे। मन्त्री सँगै मन्त्रालयमा आउजाउ गर्थे। सादा जीवनशैली हुन्थ्यो।

अहिले परिस्थिति उल्टो छ। बरु माननीय मन्त्रीहरू निवृत्त भएर आफ्नो आफ्नो पार्टी राजनीतिमा फर्कनुहुन्छ तर स्वकीय भएकाहरू सिंहदरबारको रस पाएर सिंहदरबारमै घुमिहिंड्ने हुन्छन्। हेर्दाहेर्दै सरुवा, ठेक्का, प्रोजेक्ट, विकास योजनाहरूमा हस्तक्षेप गर्ने भइसक्छन्। अघिल्लो सरकार विघटन हुनुअघि स्वकीय सचिवालयसँग जोडिएर काम गरेका मेरा एक पाका अनुभवी कर्मचारी साथीले अब मन्त्रालयको भण्डार शाखामा कामै नगर्ने भनी सरुवा मिलाए। भएछ के भने नयाँ मन्त्री नियुक्त भई आउनासाथ एक स्वकीयले गाडी माग्न थालेछन्। मन्त्रालयका एकजना महाशाखा प्रमुख ( सहसचिव) सरुवा भई गएको तर नयाँ नआएको समय रहेछ।

महाशाखा प्रमुखले पदेन प्रयोग गर्ने गाडी नै लगिदिए तिनै स्वकीयले। अब भो फसाद ! मन्त्रालयमा धेरै वटा गाडी पनि थिएन। स्वकीयलाई व्यवस्था गरेको गाडी बिग्रिएर बन्दै थियो। उनी त रिसाएर मन्त्री आउँदैछन् भन्ने थाहा थिएन ? यसरी गाडी बिगारेर राख्ने ? एउटा स्कुटरसम्म व्यवस्था नगर्ने ? हामीलाई असहयोग गर्ने ? सरुवा गर्दिम् ? पो भन्न थालेछन्। उता नयाँ आएका महाशाखा प्रमुखले पनि मेरो गाडी किन स्वकीयलाई दिएको ? कसको आदेशले काम गरेको ? भनी सातो खाएछन्। यसरी दोहोरो खप्की खाएपछि ती साथी के बस्थे मन्त्रालय। सरुवा गरी हिंडेछन्।

सचिवालयका कर्मचारीका इच्छा पनि उदेकलाग्दा छन् नेपालमा। मन्त्रालय लगायत देशका सबै संघीय कार्यालयहरूमा शाखा अधिकृत पद भन्दा मुनिको पदको नेमप्लेट राख्ने प्रचलन छैन। शाखा अधिकृत र सोभन्दा माथिको पदलाई राजपत्रमा प्रकाशन हुने पद (राजपत्रांकित) भएकोले सम्मानस्वरूप पदीय हैसियत सहितको नेमप्लेट राखिने अभ्यास पुरानै हो। तर स्वकीयहरूलाई त्यसको के मतलब।

एक जना स्वकीय प्रशासन सहायक भन्ने नायव सुब्बा सरहको पदमा नियुक्त भएका महोदयले नेमप्लेट टाँसको लागि ठूलै रहर गरे। एक दुई पटक त शाखा अधिकृत भन्दा मुनिको पदमा नेमप्लेट राखिने परम्परा नभएको पनि भनियो। तर के गर्नु। हैरान गरेपछि ठूलो नेमप्लेट राखियो श्री फलानो, स्वकीय प्रशासन सहायक, भित्र/बाहिर/व्यस्त। लौ जा। त्यस्ता नेमप्लेट अझै पनि हाम्रा कुनै कुनै मन्त्रालयहरूमा देख्न पाइन्छ। हेर्दा रमाइलै हुन्छ। सेवा सम्बन्धी विषयमा ज्ञान भएका उच्च अधिकारीहरू सहभागी हुनुपर्ने अन्तर्राष्ट्रिय सभा सम्मेलनमा कुनै ज्ञान र अनुभव नै नभएका सचिवालयका कर्मचारीहरू गइदिनाले देशकै बेइज्जत भएका बग्रेल्ती उदाहरणहरू सुनिन्छन् अचेल सिंहदरबारमा। मन्त्रीकै आफन्त रहेका सचिवालयका एक व्यक्ति अन्तर्राष्ट्रिय सम्मेलनमा अनधिकृत रूपमा गएको विषयमा एउटा विकासे मन्त्रालयलाई राष्ट्रिय सतर्कता केन्द्रले विवरण माग गरेको विषय केही अघि एउटा राष्ट्रिय दैनिकमा खबर प्रकाशन भएको थियो।

ल्यापटप, आइप्याड, मोबाइल तथा सवारी साधनहरू बुझ्ने तर मन्त्री फेरिए पनि स्वकीय सचिवालयले ती जिन्सी सामान फिर्ता नदिने रोग पनि उस्तै छ। कतिपय मन्त्रालयमा त महालेखा परीक्षकको प्रतिवेदनमै सचिवालयमा कार्यरत व्यक्तिको नामै टिपेर असुल उपरको लागि लेखेको पनि देखिएको छ। एउटा मन्त्रालय मातहतको परियोजनाका स्टोर हेर्ने मित्रले मलाई भने अनुसार उनको परियोजनाबाट मन्त्रालयको सचिवालयमा गएका मोटरसाइकलहरू पाँच पटक मन्त्री फेरिइसके तर फिर्ता आएको छैन रे! बाफ रे बाफ! यस्तो छ ताल।

अहिले जुनसुकै मन्त्रालयको सचिवालयले गर्ने सबैभन्दा बढी विवादित कार्य भनेको सरुवामा हस्तक्षेप नै हो। त्यसमाथि निजामती सेवा ऐन समयमा जारी नभइदिनाले तजबिजी सरुवामा मलजल भइरहेको छ। यसले केही मन्त्रालयका सचिवालय झन् बदनाम भइरहेका छन्। यसो सौचौं त। सचिवालयबाट आएको लिस्ट अनुसार सरुवा भएका केही थान नासु, अधिकृत वा उपसचिवले मन्त्री वा पार्टी वा देशप्रति कति योगदान गर्लान्। अहँ केही गर्दैनन्। बरु नियमित प्रक्रियाबाट सरुवा भएकाले नै गर्छन्।

भनिन्छ कर्मचारीतन्त्र असाध्यै अवसरवादी हुन्छ। नेपालको कर्मचारीतन्त्र त त्यसै पनि राजाको शासनकालमा स्थापना भई विकास भएको संस्था हो। मन्त्री हुनु अघिसम्म चिनजान समेत नभएकाहरू मन्त्री हुनासाथ म त हजुरको मान्छे हो नि भन्दै सचिवालय पुग्छ। अनि सचिवालयका साथीहरू पनि मन्त्रीलाई सहज हुन्छ भन्दै कर्मचारीतन्त्रले गर्ने खरीद प्रक्रिया, वैदेशिक भ्रमण तथा सरुवाबढुवा जस्तो विशुद्ध प्रशासनिक कार्यमा अनावश्यक चासो र हस्तक्षेप गर्न थाल्छन्। यसले गर्दा स्थिर मानिने कर्मचारीतन्त्र नै अस्थिर हुन गइरहेको छ। भर्खरै नियुक्त हुनुभएका माननीय मन्त्रीहरूले यो समस्यालाई बेलैमा सम्बोधन गर्नु जरूरी छ।

खासगरी आफ्नो सचिवालय कस्तो बनाउने भन्ने माननीय मन्त्रीकै हातमा भएको हुँदा पढेलेखेका, सरकारी प्रशासन बुझेका, राजनीतिमा जिल्लास्तरको क्षमता बनाइसकेका, कम से कम सहसचिव-सचिव सँग समन्वय/सहकार्य गर्न सक्ने, कम्प्युटर र अंग्रेजीमा दक्ष, मन्त्रीका हरेक भेटघाटहरू व्यवस्थापन गर्न सक्ने, सरकारी सुविधा तथा सम्पत्तिको लोभ नगर्ने मानिसहरूको समूह राख्ने प्रयास गर्नुपर्छ।प्रधानमन्त्रीबाट हालै आफ्नो सचिवालय चुस्त बनाउने, अनावश्यक दरबन्दी घटाउने र मन्त्रिपरिषद् कार्यालय चुस्तदुरुस्त राख्ने कुरो आएको छ। यो स्वागतयोग्य कुरो छ। यसले समग्र मन्त्रालयहरूमा रहेको अनावश्यक सचिवालय सङ्ख्या र लागत घट्ने र विकृतिहरू हट्ने छ भन्ने अनुमान गर्न सकिन्छ। आफू मातहतको सचिवालय बनाउने सन्दर्भमा सचिवालयको सङ्ख्या, सहयोगीहरूको योग्यता र दक्षता तथा त्यस्ता सहयोगीहरूबाट सम्पादन भएका कार्यको परीक्षण स्वयं माननीय मन्त्रीहरूले गर्ने हो। आगे माननीय मन्त्रीहरूको जे इच्छा!

# लगानी सम्मेलनको सन्देश

काठमाडौं । नेपालले लगानी सम्मेलनको आयोजना गरेको होटल सोल्टीको मञ्चमा आइतबार प्रमुख अतिथिका रुपमा उपस्थित हुनुहुन्थ्यो प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र उहाँसँगै बस्नुभएको थियो संसद्मा प्रमुख प्रतिपक्षी दलका नेता कांग्रेस सभापति शेरबहादुर देउवा । मञ्चमै थिए मुलुकको अर्थतन्त्रको इन्जिनका रुपमा रहेको निजी क्षेत्रका प्रतिनिधि पनि । अनि हालमा उपस्थित थिए सबै राजनीतिक दलका नेता, ५० भन्दा बढी देश तथा दातृ निकाय एवं राष्ट्रका सहभागी । यी सहभागी र प्रतिनिधिबीच नेपालको एउटै आवाज आयो, 'नेपालमा लगानीको राम्रो वातावरण छ, लगानीका लागि नेपाल उचित गन्तव्य हो । आउनूहोस्, लगानी गर्नूहोस् र मुनाफा लैजानूहोस् ।"

विश्व समुदायमाझ यसरी राष्ट्रको एउटै आवाज र उद्देश्य मुखरित भएको थियो । आइतबारको यस सम्मेलनमा सक्रिय रुपमा सहभागी थिए हाम्रा छिमेकी मुलुक भारत र चीन तथा अमेरिकाकी सरकारका प्रतिनिधिहरु । अर्थतन्त्रको क्षेत्रका विश्वका ५० भन्दा बढी देशका दुई हजारभन्दा बढी व्यक्ति उपस्थित यस मञ्चबाट नेपाल लगानीका लागि उचित गन्तव्य हो भन्ने एउटै राष्ट्रिय आवाज र सन्देश विश्वव्यापी पुगेको छ । यतिमात्र नभएर यही मञ्चबाटै विश्व बैङ्क, एसियाली विकास बैङ्कबाट समेत नेपालमा लगानीका प्रशस्त सम्भावना रहेका र यहाँ लगानी गरेर प्रतिफल लिन सकिने आशयको अपिल सार्वजनिक हुनु पनि यस कार्यक्रमको अर्को सकारात्मक सन्देश हो ।

मुलुकको निजी क्षेत्रको छाता संस्था नेपाल उद्योग वाणिज्य महासङ्घले चैतको अन्तिम साता यही स्थानमा आयोजना गरेको वार्षिक साधारणसभामा सबै राजनीतिक दलका नेताहरु आमन्त्रित थिए । पूर्वप्रधानमन्त्रीहरु र प्रायः सबै राजनीतिक दलका नेताहरु सो कार्यक्रममा उपस्थित थिए । सो कार्यक्रमको 'थिम' थियो, "मुलुकको अर्थतन्त्र सङ्कटबाट बाहिर ननिस्किसकेकाले यसलाई उकास्नका लागि आवश्यक पर्ने आर्थिक 'एजेन्डा' तथा नीतिमा देशका सबै राजनीतिक दलको राष्ट्रिय सहमति आवश्यक छ । आफ्ना राजनीतिक एजेन्डा तथा नीति र घोषणापत्रहरु आफ्नै एवं अलग रहे पनि आर्थिक एजेन्डा सबै दलको एउटै होस्, आर्थिक विकासको उद्देश्यमा सबैको साझा आवाज होस् ।"

त्यो आशय र आग्रह आइतबार नेपालले आयोजना गरेको तेस्रो लगानी सम्मेलनमा थप मुखरित हुन पुगेको छ । नेपालमा लगानी भित्र्याई अर्थतन्त्रलाई थप सबलीकरण गर्ने सवालमा आइतबार नेपालको एउटै आवाज थियो । प्रधानमन्त्री, संसद्मा प्रतिपक्षी दलका नेता र निजी क्षेत्रका प्रतिनिधिहरुले नेपालमा लगानीको वातावरण रहेको र यहाँ लगानी गर्न आउने विदेशी समुदायलाई नेपालले सक्दो सहजीकरण गर्ने बताएबाट विश्वमै नेपालको एउटै आवाजसहितको सकारात्मक सन्देश गएको छ । यो राष्ट्रिय एकताले विदेशी समुदायलाई नेपालमा रहेका लगानीका असीमित सम्भावनाहरुप्रति आकर्षित गराउन पक्कै पनि सहयोगी भूमिका निर्वाह गर्ने अपेक्षा गर्न सकिन्छ ।

आइतबार सम्मेलनको उद्घाटन गर्दै प्रधानमन्त्री दाहालले नेपालमा रहेका अपार सम्भावना र अवसरका केन्द्रमा रहेर यहाँ लगानी गर्न स्वदेश र विदेशका लगानीकर्तालाई आह्वान गर्नुभयो । उहाँले यहाँ लगानीको वातावरण रहेको सुनिश्चतता दर्शाउँदै भन्नुभयो, "नेपाल गौतम बुद्ध, सगरमाथा र वीरहरूको भूमि हो, यो विदेशी लगानीलाई हृदयदेखि स्वागत गर्ने देश हो । सरकार लगानीकर्ता, उद्योगी, नवप्रवर्तक र व्यवसायीलाई सहजता प्रदान गर्न निरन्तर सुधारमा लागेको छ ।" नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले विदेशी लगानीका लागि नेपालका सबै क्षेत्र खुला रहेका स्पष्ट गर्दै भन्नुभयो, "नेपालका पर्यटन, पूर्वाधार विकास, खानी तथा खनिज, उत्पादन, जलविद्युत् र सूचना प्रविधिमा बढी सम्भावना रहेको छ । यहाँ लगानीको वातावरण र उचित प्रतिफल लिन सकिने अवस्था छ ।"

नेपालको समग्र निजी क्षेत्रले यस पटकको लगानी सम्मेलनमा राम्रैसँग होस्टेमा हैँसे गर्यो । निजी क्षेत्र यो सम्मेलनको सहआयोजकका रुपमा रहेको थियो । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले आफूले विगतमा नेपालको निजी क्षेत्र मुलुकको अर्थतन्त्र सञ्चालन गर्ने इञ्जिन भएको दाबी गर्दै आएकामा यो सम्मेलनले यस धारणाको पुष्टि गरेको र नेपालको अथतन्त्रको इञ्जिन मुलुकको निजी क्षेत्र हो भन्ने कुरा स्थापित भएको बताउनुभयो ।

विश्वभरका लगानीकर्ताहरुलाई आग्रह गर्दै उहाँले भन्नुभयो, "नेपालमा लगानीका अपार सम्भावना छन् । म त नेपालमा सम्भावना नै सम्भावना देख्छु । आउनूहोस्, लगानीमा साझेदारी र सहकार्यका लागि हामी तयार छौँ ।" वास्तवमा विश्वका ठूला अर्थतन्त्र, चीन र भारतको बीचमा रहेको नेपालको रणनैतिक अवस्थितिका कारण पनि यहाँको लगानीले बजारको समस्या त्यति झेल्नुपर्दैन । नेपालमा कामदारकै अवस्थाको खोजी गर्ने हो भने पनि यहाँ काम गर्ने उमेरको जनशक्ति धेरै छ, त्यसैले पनि सजिलो छ । दुई ठूला छिमेकीको बजारबाट पनि नेपालको बजार, पर्यटन र श्रम बजार क्षेत्रले राम्रो फाइदा लिन सक्छ ।

मुलुकमा स्वदेशी तथा विदेशी लगानी भित्र्याएर आर्थिक समुन्नति हासिल गर्ने उद्देश्यका साथ नेपालले यो तेस्रो पटक लगानी सम्मेलनको आयोजना गरेको हो । यस सम्मेलनमा विभिन्न क्षेत्रका करिब डेढ सय परियोजना प्रस्तुत गरिएको थियो । सम्मेलनमा प्रस्तुत यी परियोजनामा अहिले नै कुनै परिणाम ननिस्केको भए पनि लगानीकर्ताका सम्भावना खुलै रहेकाले यसमाथि आगामी दिनमा विचार विमर्श भइनै रहन्छ ।
'इमर्जिङ नेपाल इन्भेष्टमेन्ट समिट-२०२४' नाम दिइएको यस सम्मेलनमा विदेशी सहभागीको सङ्ख्या उल्लेख्य रह्यो । करिब आठ सय विदेशी र चार सय नेपाली लगानीकर्ताले यस सम्मेलनमा सहभागिता जनाउनुले आगामी दिनमा लगानीका थप सम्भावनाहरु उजागर हुनसक्ने आशा भने बढाएको छ । सरकारले सम्मेलनको मुखमै अध्यादेशमार्फत नै कानुनमा सुधार तथा संशोधन गरेको छ । यसबाट पनि विदेशी तथा स्वदेशी लगानीकर्तालाई वातावरण निर्माणका लागि सरकार सहजीकरण गर्न प्रयत्नशील रहेको सन्देश गएको छ । यस अवसरमा नेपालमा लगानीका क्षेत्रहरुको पहिचान, यसका लागि आवश्यक पर्ने वातावरणको मूल्याङ्कन र अपेक्षित मुनाफाका लागि बजार पहिचानका प्रयत्नहरु पनि राम्रैसँग उजागर हुन सकेका छन् ।

यति हुँदाहुँदै पनि यो समय भनेको विगतलाई फर्केर हेर्ने अवसर पनि हो । यो तेस्रो सम्मेलनमा भइरहँदा पहिलो र दोस्रो लगानी सम्मेलनका उद्देश्य, अपेक्षित लाभ र अपेक्षाकृत लाभ लिन नसक्नुका कारणको खोजी पनि यसै अवसरमा गर्नु राम्रो हुन्छ । विगतको यो पाटोको समीक्षाले भोलिको बाटो तय गर्न सघाउ पुग्नेछ । यथोचित समीक्षा गर्दा राम्रै हुन्छ । हिजो पनि खर्बौं रुपैयाँका लगानीका आश्वासन आएका थिए । त्यसबमोजिम नेपालमा लगानी आएको देखिएको नदेखिएकाले त्यसका कारण खोजेर निराकरण गर्न सकिएमा यतिखेरका प्रतिबद्धताहरु खेर नजालान् ।

वास्तवमा नेपालमा लगानीका लागि उचित वातावरण नभएको होइन तर कागजी रुपमा रहेका व्यवस्थाहरुलाई सरलीकृत गरेर लगानीमैत्री बनाउनुपर्छ । नीति, नियम र कानुनमा सरकार सदैव निजी क्षेत्रकै साथमा देखिन्छ तर निजी क्षेत्र भने सधैँ सरकारी नीतिमा रहेका प्रावधानको कार्यान्वयन हुन नसकेको, सरकारी निकायहरुकै बीचमा आवश्यक तालमेल र समन्वय नुहँदा एउटै कामका लागि कैयौँ फाइल बोकेर कैयौँ सरकारी निकायको ढोकामा पुग्नुपरेको तथा अहिले महामारीले थला पारेको अर्थतन्त्रलाई आडभरोसा दिन सम्बद्ध निकाय सहयोगी बन्न नसकेको गुनासो गरिरहेको हुन्छ ।

यस्ता विषयवस्तुहरुलाई पनि कसरी सहजीकरण गर्ने भन्ने बारेमा यतिखेर समीक्षा गर्दा फलदायी नै हुनेछ । निजी क्षेत्र त्यसैले पनि नीति हुनु र वातावरण हुनुमा फरक देख्दछ । यी दुई बीचको खाडल घटाउने र अवाश्यकताअनुरुप पुर्ने काम पनि यसैबेला गर्दा राम्रो हुनेछ । अहिले मुलुकको अर्थतन्त्र सङ्कुचनमा परेको अवस्था छ । कोभिड महामारीपछि विश्वकै अर्थतन्त्रमा लागेको कालो बादल विस्तारै हट्दै त छ तर आकाश खुलिसकेको भने छैन । अघिकै लयमा फर्किसकेको अवस्था भने छैन । अर्थतन्त्रलाई अहिलेको अवस्थाबाट उकास्न सरकार र निजी क्षेत्र मिलेर थालेका प्रयासहरुको केही सकारात्मक परिणाम देखिएका कारण आर्थिक अवस्थाको सुधारका आशा पलाएका पनि छन् । देशका विभिन्न क्षेत्रमा सटर बन्द भइरहेका, व्यवसायीहरु पलायन भइरहेका समाचार आइरहँदा अहिले निजी क्षेत्रलाई हौसला चाहिएको अवस्था छ । यस्तो अवस्थामा आयोजित यो लगानी सम्मेलनले देशभित्र उद्यमशीलताको विकास गर्न तथा स्वदेशी र विदेशी लगानीका प्रतिबद्धता र सुनिश्चितताले आर्थिक गतिविधिलाई थोरै भए पनि चलायनमान बनाउन सक्छ । लगानी सम्मेलनले दिएको यो पनि एउटा सकारात्मक सन्देश हो ।

मुख्य कुरा त यस सम्मेलनका सहभागी लगानीकर्ता, सरोकारवाला र देशको निजी क्षेत्रले पहिचान गरी किटानीसाथ व्यक्त गरेका लगानीका अवरोधहरुलाई हटाउन र सहजीकरणको मार्ग प्रशस्त गर्न सरकारका सम्बद्ध निकायहरु नै लाग्नुपर्छ । यसबाट आगामी दिनमा अघि बढ्न सहज हुनेछ र यसैगरी आयोजना हुने लगानी सम्मेलनमा अपेक्षित लगानी भित्र्याउन सजिलो पर्नेछ ।

# १० करोड 'अवैध' कारोबार !

काठमाडौं/ हुण्डी कारोबारको आरोपमा नौ लाख रुपियाँसहित पक्राउ परेका व्यक्तिमाथि थप अनुसन्धान गर्दा १० करोड रुपियाँ बराबरको 'अवैध' कारोबार गरेको खुलेको छ।

२४ वर्षीय पीयूष खेतानलाई पक्राउ गरेर अनुसन्धान गर्दा त्यस्तो अवस्था खुल्न आएको हो। पछिल्लो एक वर्षमा मात्रै उनले रु.१० करोडको 'अवैध' कारोबार गरेको भनी प्रहरीले दाबी गरेको छ।जिल्ला प्रहरी परिसर काठमाडौंको टोलीले हुण्डी कारोबार गरेको सूचनाका आधारमा यही बैशाख ३ गते खेतानलाई काठमाडौंमा पक्राउ गरेको थियो। धनुषाको धनुषाधाम गाउँपालिका-५ घर भएका उनी काठमाडौं महानगरपालिका-१३ ताहचलमापसल संचालन गर्दै आएका थिए। रन्जना कम्प्लेक्सको तेस्रो तलामा फेसन पेसन स्टोर नामक

कपडा पसल सञ्चालन गर्दै आएका खेतान नौ लाखसहित पक्राउ परेका थिए।



उनका साथबाट २३ पन्ना क्रिप्टो करेन्सीको विवरण समेत प्रहरीले फेला पारेको थियो। अध्ययनका लागि एक वर्षअघि भारतमा रहँदा क्रिप्टो करेन्सीबारे जानकारी पाएर कारोबार शुरु गरेको खेतानले बताएका भनी प्रहरीले जानकारी दिएको छ।

भारतमा रहँदा बिक्की महतो भन्ने साथीले आफूलाई क्रिप्टो करेन्सीबारे सिकाएको उनको दाबी छ। पछिल्लो एक वर्षदेखि नेपाल र भारतमा रकम आवश्यक पर्ने मानिसहरुलाई रकम दिने-लिने काम समेत गरेको उनले स्वीकारेको बताइएको छ। अनुसन्धान सकेर सरकारी वकिल कार्यालय काठमाडौंमा पठाइएको प्रतिवेदन अनुसार हुण्डीको रकम लिन-दिनका लागि विभिन्न कोडहरु प्रयोग गरेर खेतानले काम गरेको समेत उल्लेख छ।

क्रिप्टोको अवैध कारोबार देखिएपछि उनलाई मुलुकी फौजदारी अपराध संहिता, २०७४ को दफा २६२ अन्तर्गतको कसूरमा मुद्दा चलाइएको बताइएको छ। उक्त दफा अनुसार रोक लगाइएको मुद्रा चलन चल्तीमा ल्याउन नहुने उल्लेख छ। प्रतिबन्ध लगाइएको मुद्रा चलन चल्तीमा ल्याइएमा एक वर्षसम्म कैद वा १० हजार रुपियाँसम्म जरिवाना वा दुबै सजाय हुने व्यवस्था उल्लेख छ।

# पर्यटन बोर्ड अदालती झन्झटमा

काठमाडौं/ नेपाल पर्यटन बोर्डको प्रमुख कार्यकारी अधिकृत ( सीईओ) छनोटसम्बन्धी कुनै पनि काम नगर्न नगराउन यसअघि जारी गरेको अल्पकालीन अन्तरिम आदेशलाई उच्च अदालत पाटनले निरन्तरता दिएको छ।

न्यायाधीशहरू सुदर्शनदेव भट्ट र कैलाशप्रसाद सुवेदीको संयुक्त इजलासले बैशाख १७मा यसअघिको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिने आदेश दिएको हो। बैशाख १० मा न्यायाधीश सुदर्शनराज पाण्डेको एकल इजलाशले जारी गरेको अल्पकालीन अन्तरिम आदेशले निरन्तरता पाएपछि यो नियुक्ति प्रक्रिया झन्झटमा परेको भनी टिप्पणी हुन थालेको छ।

पर्यटन बोर्डमा रिक्त सीईओ नियुक्तिका लागि छनोट गर्न गठित उपसमितिका सदस्य तथा बोर्ड सञ्चालक समिति सदस्यहरू मिलन देवकोटा र मदनकुमार आचार्यको मनोनयनसमेत गैरकानूनी भएको र छनोट उपसमिति पनि अवैधानिक रहेको भन्दै उच्च अदालत पाटनले यसअघि अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो।

पर्यटन बोर्ड सीईओमा २० जनाको आवेदन परे पनि १६ जनाको नाम 'सर्टलिस्ट' मा परेको थियो। ती १६ जनाले आ-आफ्नो प्रस्तुतीकरण पेस गरिसकेका छन्।


## विद्यार्थी र शिक्षकलाई उपयोगी पुस्तक


भक्तपुर बहुमुखी क्याम्पस, दुधपाटी भक्तपुरमा लामो समयदेखि अर्थशास्त्र विषयमा सह प्राध्यापकको रुपमा अध्यापन गराउनु भएका गम्भीर बहादुर हाडाले विद्यार्थीहरुको हितको लागि बि.ए. र बि.एड.का अर्थशास्त्र विषयका विभिन्न पुस्तकहरु वृहस्पति पुस्तक प्रकाशन प्रा.लि.ले प्रश्नोत्तरको रुपमा प्रकाशित गरेको छ। सबै विद्यार्थी तथा शिक्षकलाई अत्यन्त उपयोगी पुस्तक खोजी खोजी पढ्नुहोला।

**पुस्तकको नामहरू :**

- **अर्थशास्त्र शिक्षण विधि** (Method of Teaching Economics), **त्रि.वि.शिक्षाशास्त्र सङ्कायअन्तर्गत बि.एड. तेस्रो वर्ष** Eco.Ed. 432 **तथा** 439 **को पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U. Solution, **बि.एड.तेस्रो वर्ष।**
- **शिक्षाको अर्थशास्त्र** (Economics of Education), **त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्. दोस्रो वर्ष** Eco.Ed. 424 **को नयाँ पाठ्यक्रममा आधारित** A Complete T.U. Reference Book, **बि.एड. दोस्रो वर्ष।**
- **बृहत अर्थशास्त्र** (Macro Economics), **त्रि.वि.मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए. दोस्रो वर्षको** Eco- 423 **को नयाँ पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solution, **बि.एड. दोस्रो वर्ष।**
- **व्यवस्थापकीय अर्थशास्त्र र अर्थशास्त्र शिक्षामा अनुसन्धान** (Managerial Economics & Research in Economic Education), **त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्. चौथो वर्ष** Eco Ed. 445 **को पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.एड. चौथो वर्ष।**
- **आर्थिक विश्लेषण** (Economic Analysis), **त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्. प्रथम वर्ष** Eco Ed. 416 **तथा** 418 **को पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.एड. प्रथम वर्ष।**
- **नेपालको अर्थव्यवस्था** (Nepalese Economy), **त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्. दोस्रो वर्ष** Eco Ed. 422 **तथा** 428 **को नयाँ पाठ्यक्रममा आधारित** With Model Questions & Solutions, **बि.एड. दोस्रो वर्ष।**
- **सार्वजनिक वित्त** (Public Finance), **त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.तेस्रो वर्ष** Eco 425 **को पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.ए. तेस्रो वर्ष।**
- **शिक्षाको अर्थशास्त्र** (Economics of Education), **त्रि.वि. शिक्षा शास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्.दोस्रो वर्ष** Eco. Ed. 424 **को नयाँ पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.ए. तेस्रो वर्ष।**
- **विकास र योजनाको अर्थशास्त्र** (Economics of Development & Planning), **त्रि.वि. शिक्षाशास्त्र सङ्कायअन्तर्गत बि.एड्.दोस्रो वर्ष** Eco.Ed. 423 **को पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.ए. तेस्रो वर्ष।**
- **मुद्रा, वित्तीय प्रणाली र अन्तर्राष्ट्रिय व्यापार** (Money, Financial System & International Trade), **त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.चौथो वर्ष** Eco. 426 **को नयाँ पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.ए. चौथो वर्ष।**
- **अनुसन्धान पद्धति र प्राज्ञिक लेखन** (Research Methodology & Academic Writing), **त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.चौथो वर्ष** Eco. 427 **को नयाँ पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.ए. चौथो वर्ष।**


# The Snow Castle

P. Pilgrim



Kemi is a town in Finland, it is located very near the city of Tornio and the Swedish border. It is situated north of the capital Helsinki over 700 km. It was founded in 1869 by a decree of the Emperor Alexander II of Russia because of its proximity to a deep water port. With a population of around 19,000, seasonally cold weather with temperatures hovering above and below 0° for over 6 months of the year. there are 200 + countries in the world yet only 50 of them have snow. Finland is renowned for its snow flurries. During the winter months the town of Kemi builds its own tourist attraction out of snow. The Snow Castle of Kemi is the biggest snow fort in the world. It is rebuilt every winter with a different architecture, the first snow castle drew 300,000 visitors in 1996. The Kemi Snow Castle resort rises from the frosted seaside like a mirage made of diamonds. Situated only one kilometer from downtown Kemi, this white wonder offers tours through its icicle-gilded halls, whether it's midwinter or midsummer. The area covered by the castle has varied from 13,000 to over 20,000 square meters. The highest towers have been over 20 meters high and longest walls over 1,000 meters long, and the castle has had up to three stories. Despite its varying configurations, the snow castle has a few recurring elements: a chapel, a restaurant and a hotel. The Snow Restaurant has ice tables and seats covered with reindeer fur, as well as ice sculptures. The ecumenical Snow Chapel with 50–100 seats has seen numerous weddings of couples from as far away as Japan and Hong Kong. The Snow Hotel offers a choice of double rooms and a honeymoon suite, all of which are decorated by local artists using local materials. Whoever came up with the idea of sleeping in a room at sub zero temperatures was probably a madman or a genius. However, it has proved a success as people flock from across the world to experience the ice world. This is why it was started back in 1996 by UNICEF so that children from developing countries could fulfil their dreams of living and experiencing a snow world for the first time in their lives. The Snow Castle hosts such things as an adventure land for children, a theatre and ice art exhibitions with lights and sound effects. The theatre has a capacity of 3,000, and many opera singers and dancers have performed there. The upkeep of the castle in the winter months is estimated to be $1.1 million, yet the castle will melt away sometime in mid – April.

The melting ice castle is a reminder that all the material things in this world will one day pass away. The pleasures of the world come and go, the beauty of the world also fades with time, not to mention the hopes and dreams of the people, which change with the advancing years. This reminds me of the warning from Jesus Christ in the book of Matthew B v 19 – 21 'Lay not up for yourselves treasures upon earth, where moth and rust doth corrupt, and where thieves break through and steal: But lay up for yourselves treasures in heaven, where neither moth nor rust doth corrupt, and where thieves do not break through nor steal: For where your treasure is, there will your heart be also.' Amassing wealth or fame on earth cannot be taken with you to Heaven. In the gospel of Mark 8 :36, Jesus Christ asks the question, 'For what shall it profit a man, if he shall gain the whole world, and lose his own soul?' We lose our soul when we reject Christ. Heed his warning, set aside the world's fleeting pleasures and trust Christ who will keep you for all eternity.

pilgrimway101@yahoo.com


## टेलिभिजन/वासिङ मेसिन चाहिएमा

नेपाली बजारमा आफ्नै नेपाली पहिचान

टेलिभिजनको दुनियाँमा नेपाली अभियान

- नेपाली ग्राहकको चाहना हामी उचित मूल्यमा पूरा गर्दछौं।

काठमाडौं उपत्यका तथा वीरगञ्जमा जहाँ चाहियो त्यहीँ

Abhiyan

अभियान डिजिटल वर्ल्ड प्रा.लि.

काठमाडौं

विष्णु काफ्ले (९८५१११७५७२)

## नारायणगढ...

५०-५७ प्रतिशत काम पूरा गरी २२ कि.मी. सडक कालोपत्रे गरेको छ।

दुम्कीवासदेखि दाउन्नेहुँदै बर्दघाट पुग्न धुलाम्मे भै दुई घण्टा लाग्ने सरोकारवालाहरुले बताएका छन्। मुग्लिङ-पोखरा सडक खण्डको पश्चिम खण्डको पनि कन्तविजोग छ। हुलाकी सडकको निर्माणले पनि गति लिन सकेको छैन। हुलाकी सडक आयोजनाका आयोजना प्रमुख अभय मूलको अक्षमताले गति लिन नसकेको आयोजना श्रोतले बताएको छ।

हुलाकी सडक निर्देशनालयबाट तात्कालिन आयोजना प्रमुख शुभराज न्यौपानेको सरुवा भए पछि एक इन्च पनि काम अघि नबढेको जानकारहरुले बताएका छन्। कञ्चनपुर-कमल सडक र काकडभिट्ट-लौकही सडकले पनि गती लिन नसकेको सडक विभागमा चर्चा चलेको छ। उता परिणाम देखाउन नसक्ने सडकका सुई र सिडिईहरुलाई कार्वाहीको सरुवा डण्डा चलाउने बताएका मन्त्री महासेठले असारेबाली भित्र्याउने बेलामा सरुवा नगर्ने भएपछि सुई र सिडिई तथा योजना प्रमुखहरु ढुक्कले निदाउन थालेको श्रोतले बताएको छ।

## रास्वपाको ...

र चौथो बन्न पुगे।

स्वतन्त्र उम्मेदवार डेकेन्द्रसिंह थेगिमभन्दा पनि तल परेपछि रास्वपाको भविष्य अँध्यारो सुरुङ्गतर्फ धकेलिएको र मिसन २०८४ मा डढेलो लागेको जानकारहरुले बताएका छन्। २०७९ साल असारमा नवशक्तिका रुपमा उदाएको रास्वपालाई काँग्रेस-एमाले र माओवादीसँग रुष्ठ मतदाताले मत दिएर संसदको चौथो ठूलो दल बनाएका थिए।

२०८० बैशाख १० गते चितवन र तनहुँमा पाएको मतले रास्वपाका सभापति रवि लामिछानेले २०८४ सालको चुनावमा बहुमत ल्याउने डंका पिट्दै देशभरी हिँडे। इलाम-२ को उपनिर्वाचनले रास्वपाको दाँतमा ढुंगा लाग्न पुग्यो। कुनै नीति सिद्धान्त र विचार नभएको पार्टीका सभापति रवि लामिछाने माथि विभिन्न सहकारी ठगीको आरोप र गृहमन्त्रालय नै चाहिने अड्डीले गर्दा मतदाताको मनोविज्ञानमा असर पारेकाले नरुचाएको चर्चा राजनीतिक वृत्तमा चलेको छ।

दोश्रो पटक गृहमन्त्री बनेका लामिछानेले जनतामा आशा जगाउन सकेनन् र सरुवा बढुवा तथा सिंहदरबारको माकुरीजालमै घेरिन पुगे। काँग्रेस र एमालेलाई अक्षम देखाएर उदाएको रास्वपा सैद्धान्तिक धरातलमा टेकेर र सिद्धान्त विनाको राजनीतिलाई भन्दा स्टन्डबाजी गरेर उदाएकोले २०८४ मा रास्वपालाई हाल बनमा लागेको डढेलोजस्तै लाग्ने बताइएको छ।

## नेपाल र ...

सरकारबाट हटाई राष्ट्रिय प्रजातन्त्र पार्टीलाई सरकारमा ल्याउने प्रधानमन्त्री दाहालको तयारी रहेको राजनीतिका ज्योतिषहरुले बताएका छन्।

गण्डकी प्रदेश र कोशी प्रदेशमा राप्रपाले सरकारमा जाने इच्छा देखाएपछि संघमा पनि राप्रपा २,३ वटा महत्वपूर्ण मन्त्रालय रोजेको चर्चा चलेको छ।

## कांग्रेसका ...

साउद कमाण्डर खटिएका थिए। 'दिनभरी करायो दक्षिणा नै हरायो' भने झैं उपचुनावमा पराजय हात लागेपछि कमाण्डरहरु डिच्च परेर फर्किएका छन्।

इलाम - २ मा उखरमाउलो भाषण बाहेक जनतालाई आकर्षित गर्ने कुनै योजना नभएकाले मतदाताले आँसु र पीडालाई रोजेको चर्चा चलेको छ। गत २०८० बैशाख १० गते चितवन र तनहुँ-१ मा भएको उपनिर्वाचनमा पनि महामन्त्रीद्वय लगायतका काँग्रेसका मन्त्री र नेताहरुको लर्को लागेको थियो।

बझाङ्ग प्रदेश-१ मा कसरत नपुगेको जानकारहरुले बताएका छन्। साउदसँगै अन्य केन्द्रीय नेताहरु पनि गएको भए चुनावी परिणाम काँग्रेसको पक्षमा पर्न सक्ने अहिले चर्चा चलेको छ। काँग्रेसका नेता पूर्णबहादुर खड्का र रमेश लेखक त्यस क्षेत्रका प्रतिष्ठित नेता मानिन्छन्। लेखक नगए पनि खड्का जानुपर्दथ्यो भन्ने चर्चा हुने गरेको छ।

गठबन्धन गरी एक्लै चुनाव लड्नुपर्ने महामन्त्री थापाको उद्घोषलाई इलाम-२ को उपनिर्वाचनले गतिलो झापड हानेको छ। कांग्रेस सभापति गठबन्धनकै पक्षमा दृढ रहँदै आएका छन्। यतिबेला चिया पसल वा चौतारोमा महामन्त्रीद्वय जहाँ जान्छन्, त्यहाँ काँग्रेसले चुनाव हार्छ भन्ने भाष्य निर्माण गर्न खोजिएको छ। यस्को अन्तर्य पत्ता लगाई महामन्त्रीद्वयले मिसन ०८४ मा चमत्कार गर्नुपर्ने जानकारहरुले बताएका छन्।

एक्ला एक्लै चुनाव लड्दा २०८४ मा काँग्रेसको धरौटी खुस्कने बताइएको छ।

## भारतीय...

भाजपाले चुनावमा कसरी चुनावी प्रचार गर्छन्, चुनावी अजेन्डा के-के छन्, भाजपा नेतृत्वको सरकारले के के गरेको छ भन्ने विषयमा उनीहरूलाई जानकारी गराउने बताइएको छ। यसैगरी केही चुनावी क्षेत्रहरूको अवलोकन समेत गराउने भनी भाजपाले १० वटा देशका १८ वटा पार्टीलाई बोलाएको हो। अस्ट्रेलियाको लिबर पार्टी, भियतनामका कम्युनिस्ट पार्टी, बंगलादेशका बङ्गलादेश अवामी लिग, इजराइलका लिकुड पार्टीका प्रतिनिधिहरु पनि भारतमा आउने बताइएको छ। यसैगरी युगान्डाका नेशनल रेसिसटेन्स मुभमेन्ट, तान्जानियाको चामा च मापीनडुजी, रसियाको युनाइटेड रसिया पार्टी, श्रीलङ्काको श्रीलङ्का पोडुजाना परमुना, युनाइटेड नेशनल पार्टी, मेरिससको मिलट्यान्ट सोशलिस्ट मुभमेन्ट, मेरिसस लेबर पार्टी, मौरेसियन मिलटेन्ट मुभमेन्ट, पार्टी मौरिसियन सोशल डेमोक्रेटका प्रतिनिधिहरू पनि दिल्ली आई चुनावको पर्यवेक्षण गर्ने बताइएको छ।

यसरी दिल्ली आएका विभिन्न देशका नेताहरूसँग भाजपाका अध्यक्ष जे.पी. नन्दा, भारतीय विदेशमन्त्री एस.जयशंकर, रेल्वे मन्त्री आश्विनी वैष्णवले भेट गरी जानकारी दिने तथा छलफल गर्ने बताइएको छ।

## सरकारी ...

पाइन्छ। अनि सरकारी सरकारको सम्पत्ति फिर्ता आउँछ ? सबै सरोकारवाला निकायको मिलेमतोमा सरकारी जग्गा हिनामिना भएको छ।

अनि कसले खोज्छ ? सरकारी जग्गा सरकारकै नाममा ल्याउने एउटै उपाय २०२१ र २०३२ पछि दर्ता भएका जग्गाको दर्ता खारेज गरिदिने मात्रै हो। विभिन्न बहाना बनाएर दलालहरुले जग्गा पछि दर्ता गराए। सरकारको जग्गा सरकारकै नाममा ल्याउने हो भने भूमि मन्त्रालय तात्नुपर्छ। सो मन्त्रालय तात्यो भने सरकारीको सम्पत्ति सरकारकै नाममा आउन बेर लाग्दैन। देशभरको सरकारी जग्गा दर्ता गरेर सिद्धि सक्यो। बाँकी भएको केही जग्गा पनि सुकुम्बासीको नाममा कब्जा गरिएको छ। भूमि मन्त्रालयले अब टालटुले काम गरेर हुँदैन। मन्त्रिस्तरीय हुन्छ ठीकै छ, नत्र मन्त्रिपरिषद्मा लैजानुपर्‍यो।

गुठी संस्थानको नाममा भएको धेरै जग्गा पनि व्यक्तिको नाममा गइसकेको छ। त्यो पनि सरकारले सरकारकै नाममा ल्याउनुपर्छ। २०२१ सालअघि सरकारले कसैलाई लालपूर्जा दिएको थिएन्। जनता त्यो जग्गामा कमाउथे, खान्थे। त्यतिबेला नेपाल खाद्यान्नमा आत्मनिर्भर थियो।नेपाल सरकारले अन्य देशलाई खाद्यान्न बेच्थ्यो। कतिपय देशलाई खाद्यान्न अनुदान दिन्थ्यो। जब सरकारले जग्गा नापी गरेर पूर्ण अधिकार जनतालाई दियो, त्यसपछि विकृति मौलायो। विकसित मुलुकमा हेर्ने हो भने जग्गाको पूरै अधिकार सरकारले जनतालाई दिँदैन। आफ्नो स्वामित्वमा राख्छ।

जग्गाको पूरै स्वामित्व जनतालाई दिँदा नेपाल परनिर्भर बन्यो। जग्गा माफियाहरुले २०४१-४२ सालदेखि जग्गा प्लानिङ्ग गर्न शुरु गरे। ठूल्ठूला फाँटहरु खण्डीकरण गरेर टुक्राटुक्रा बनाइयो। २०४९ सालमा काठमाडौं महानगरपालिकाका प्रमुखप्रेमलाल ( पि.एल.) सिंह थिए। काठमाडौंमा अस्तव्यस्त शहर बन्छ भनेर उनले नक्सा पास गर्ने रोकेका थिए। पछि केशव स्थापित आए। उनले जग्गा प्लानिङ गर्न स्वीकृति दिए भने घर बनाउन पनि भटाभटी नक्सा पारित गरिदिए। जसका कारण अहिले काठमाडौं अस्तव्यस्त शहर बन्यो। पि.एल. सिंहको कदम त राम्रो रहेछ भन्ने त अहिले आएर पुष्टि गर्‍यो। काठमाडौंमा अहिले के छ ?

जतातत्तै कंक्रिटबाहेक केही देखिँदैन। काठमाडौंको असर अन्य जिल्लामा पनि देखिएको छ। देशैभरको उब्जनीयुक्तजमिन प्लानिङ गरेर सकियो। अरुको देशबाट खाद्यान्न ल्याएर पेट पाल्नुपर्ने स्थिति छ। आफ्नो फाइदाका लागि जग्गा दलालीहरुले देश नै तहसनहस बनाई दिए।जग्गा माफियाहरुले रातारात खेतीयोग्य जमिन प्लानिङ गरे। एक रोपनी जग्गामा १६ आना जग्गा हुन्छ। रोपनीमा लाखमा किनेर त्यसलाई खण्डीकरण गरेर आनाकै ६५-७० लाखमा बेचियो। सरोकारवाला निकाय चुपचाप बस्यो। देखेर पनि सरकारले अनदेखा गर्‍यो। माटो उब्जनीको स्रोत हो।

सबै जग्गा कंक्रिटमा परिणत भएपछि कहाँ उब्जनी हुन्छ ? उब्जनी नभएपछि जनताले के खान्छन् ? सरकारले यसबारे सोचेन। सरकारले जग्गा खरिदबिक्रीबाट आएको नाफा देख्यो, तर त्यसले पुऱ्याएको असर देखेन। नेपाल कुन चीजमा आत्मनिर्भर छ ? बिहानबेलुका खाने खाद्यान्नसमेत अर्काको देशबाट आउँछ। राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, सांसद, सरकारी कर्मचारी, सर्वसाधारण सबैको भान्सामा विदेशमा फलाएको खानेकुरा पाक्छ। विदेशीले यहाँ खाद्यान्न पठाएनन् भने यहाँ भोकमरी शुरु हुन्छ। खाद्यान्न धेरै महँगो भइसकेको छ। यहाँ अन्नदेखि तरकारीसम्म विदेशबाट आउँछ।

नेपालीले जति कमाउँछन्, त्यो खाद्यान्नमै खर्च भइरहेको छ। नेपालको धेरै भूभाग छिमेकीले कब्जा गरिसकेका छन्। बाँकी भएको भूभागको पनि संरक्षण गर्न सकिएको छैन्। घर र बाटो गर्दागर्दै नेपाल सकिसकेको छ। खाने मुख बढेको छन्, उब्जनी छैन। भूमि व्यवस्थामन्त्री शशि श्रेष्ठले खेतीयोग्य जमिनमा घर बनाउन नदिने र चार आना दुई पैसामूनि कित्ताकाट गर्न नदिने भनी टिप्पणी उठाएर मन्त्रिपरिषद्मा लगिन्।

त्यस्तै, जग्गाको वर्गीकरण गर्ने भनिएको थियो। २०७९ जेठ ९ गतेको मन्त्रिपरिषद्को बैठकले त्यो प्रस्ताव पारित गर्‍यो। जेठ २७ गते सात सय ५३ वटै पालिकालाई मन्त्रिपरिषद्को निर्णय परिपत्र गरियो। २०७९ मंसिरभित्र जग्गाको वर्गीकरण गरिसक्नु भनी समय दिइएको थियो। जनप्रतिनिधि र प्रजिअले आर्थिक चलखेल गरेर जग्गा वर्गीकरण नै गरेनन्। २०७९ पुस ११ गते प्रधानमन्त्री पुष्पकमल दाहाल आए। जग्गा माफियाहरुले प्रधानमन्त्रीसँग लबिङ गर्न थाले। दाहालको सरकारमा प्रकाशशरण महत अर्थमन्त्री र रञ्जिता श्रेष्ठ चौधरी भूमिमन्त्री थिए। जग्गा माफियाहरुले करोडौं रुपियाँ खर्च गरेर राजनीतिक आडमा शेरबहादुर देउवा सरकारले गरेको निर्णय उल्टाई दियो।

शहरी विकासमन्त्री सीता गुरुङ्ग थिइन्। गुरुङ्गले जग्गा व्यवसायीसँग अनुचित लाभ लिएर साढे दुई आना जग्गामा घर बनाउन दिने भनेर टिप्पणी उठाएर भूमि मन्त्रालय पठाइन्। अघिल्लो सरकारले चार आना दुई पैसाभन्दा कमको कित्ताकाट नहुने भनी निर्णय गरेको थियो। अर्थमन्त्री महतले राजश्वको लोभमा खेतीयोग्य जमिनमा घर बनाउन दिने भनेर लागे। नेपालले खेपिरहेको व्यापार घाटा उनले देखेनन्। खेतीयोग्य जमिन सकियो भने यहाँ भोकमरी लाग्छ भन्ने कुरा उनले सोचेनन्। भूमिमन्त्री श्रेष्ठले शहरी मन्त्रालयबाट आएको प्रस्ताव मन्त्रिपरिषद्मा लगिन्। २०८० साउन ३० गतेको मन्त्रिपरिषद्को बैठकले सो पारित गर्‍यो।

जग्गाको वर्गीकरण पनि रोकियो। यो देश त माफियाले चलाएका रहेछन् भन्ने त स्पष्ट भइहाल्यो। दलालीले जे भन्यो, प्रधानमन्त्रीदेखि मन्त्रीसम्मले त्यही गर्छन्। कानून पनि माफियाहरुको भनेअनुकुल बन्छ। कित्ताकाट खोलेर के गर्नु, किन्ने मान्छे छैनन्। घरजग्गामा लगानी गर्दा व्यक्तिदेखि बैंकसम्म फसेका छन्। शहर पनि अस्तव्यस्त बन्यो। अनि यहाँ सरकार छ ?

दलालीको इसारामा चल्ने देश र राजनीतिक दलबाट केही प्रगति हुन्छ ? भूमिमन्त्री बलराम अधिकारीले सरकारी जग्गा खोज्ने, बाँकी भएको खेतीयोग्य जमिनमा जोगाउने गरी निर्णय गर्नुपर्छ। नत्र भोलिका दिनमा नेपाली भोकभोकै मर्छन्। अबपनि दलालीको हितमा काम गर्ने कि देश र जनताको हितमा ?दाहाल सरकारले साउनमा गरेको निर्णय खारेज गर्नुपर्छ।

## सरकारको ..

उपचुनावको बेलामा पनि दाहाल सत्ता साझेदारहरुका बीचबाट एउटै उम्मेदवार बनाउने पक्षमा थिए। त्यसरी दाहालबाट प्रस्ताव आउने अनुमान गरेर ओलीले भने आफ्नो दलका तर्फबाट उम्मेदवारहरु घोषणा गरिदिए। इलाम २ को प्रतिनिधिसभा तथा बझाङको प्रदेशसभामा आफ्नो दलका तर्फबाट उम्मेदवार घोषणा गरेपछि ओलीले आफ्ना उम्मेदवार फिर्ता नहुने अडान राखे। इलाममा एमालेको उम्मेदवारलाई समर्थन गर्न सत्ता साझेदार दलहरु तयार रहेको अवस्थामा उनीहरुले बझाङको प्रदेशसभामा आफ्नो उम्मेदवार बनोस् भन्ने चाहना राखेका थिए। बझाङमा माओवादी केन्द्र र एकीकृत समाजवादी दुवैले चाहना राखेका थिए।

उनीहरुले चाहना राख्ने भन्ने जानकारी पाएरै ओलीले त्यसलाई रोक्नका लागि भनी आफ्ना उम्मेदवारहरुको नाम घोषणा गरेका थिए। इलाममा आफ्नो उम्मेदवार उठाउँदा लज्जास्पद हार हुने बुझेका दाहालले एमालेका उम्मेदवारलाई समर्थन गर्ने निर्णय गरे। बझाङमा आफ्नो दललाई नदिएको मात्र होइन कि आफू र आफ्नो दलको दाहालले पटक पटक अपमान गरेको भनी एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल चूर भएका थिए। अझ सुदूरपश्चिममा आफ्नो दलको नेतृत्वमा सरकार बनाउने भनी भएको सहमतिलाई एमालेले पालना नगरेको भनी नेता नेपालले आक्रोश पोखेका थिए।

त्यस्तो अवस्थामा इलाम र बझाङमा एकीकृत समाजवादीले आफ्नै उम्मेदवार उठाएको थियो। उता, माओवादी केन्द्रको समर्थनमा इलाममा एमालेले जित निकालेको छ। यसैगरी सुदूरपश्चिमको प्रदेश सरकार ढल्न सक्ने भन्ने कुरा देखाउँदै मतदानको अघिल्लो दिन एमालेले बझाङमा एकीकृत समाजवादीसँग मौखित सहमति गरी उक्त दलको तर्फबाट एमालेलाई समर्थन गर्ने वातावरण बनाएको चर्चा छ। त्यसरी एकीकृत समाजवादीले रातारात एमालेका उम्मेदवारलाई समर्थन गर्ने वातावरण बनाएको अवस्थामा बझाङमा दुई सय ६७ मतान्तरले एमालेका उम्मेदवारले कांग्रेसका उम्मेदवारलाई पराजित गर्न सफल भए।

यसरी निर्वाचन जितेको उन्मादमा रहेको एमालेलाई सत्तामा राखिरहँदा त्यसले आफूहरुलाई झनै समस्यामा पार्दै जाने बुझाइमा दाहाल र नेपाल पुगेको बताइन्छ। सोही कारण उनीहरु एमालेलाई सत्ता बाहिर पुऱ्याउने तयारीमा लागेको स्रोतको दाबी छ। यसका लागि उनीहरुका बीचमा पटक पटक छलफल भैरहेको बताइन्छ। एमालेलाई बाहिर राखेर सरकार बनाउने तयारीमा जुट्नुपर्ने अवस्थामा दाहाल पनि पुगेका छन्। हालको सहमति अनुसार नेता नेपाललाई पनि बाँकी कार्यकालमा प्रधानमन्त्री बनाउने भन्ने सत्ता साझेदार दलहरुमा सहमति भएको भनी चर्चा चल्ने गरेको छ। यस्तो अवस्थामा कुनै पनि दिन माधवकुमार नेपाललाई प्रधानमन्त्रीको कुर्चीमा देख्नुपर्ला भन्ने भयमा एमालेका अध्यक्ष ओली रहेको बताइन्छ।

आफूलाई कुनै पनि हालतमा प्रधानमन्त्री बन्न नदिने दाऊमा ओली रहेको भन्ने कुरा नेपाललाई पनि प्रष्ट रुपमा जानकारी रहेको छ। नेता नेपालले भर्खरै एक भाषणमा ओलीलाई लक्षित गरी सोही कुरा व्यक्त गरेका थिए। उनले 'कोही कोही म प्रधानमन्त्री भएको देख्न चाहँदैनन्। म प्रधानमन्त्री बन्छु कि भनी जलेका छन्।' भनी भाषण ठोकेका थिए। उता, केही समयअघि संसदमा सम्वोधन गर्दै ओलीले आफूहरुबीच प्रधानमन्त्रीका लागि १३-१३ महिनाको सहमति भएको भनी चर्चा चले पनि त्यस्तो सम्झौता नभएको बताएका थिए।

ओलीको उक्त सम्बोधनबाट नेता नेपाल झस्किएका थिए। सोही भाषणमा ओलीले कांग्रेससँग मिलेर जान सकिने खालको आशय पनि व्यक्त गरेका थिए। उक्त कुराले दाहाल पनि झस्किएका थिए। यसैगरी एमालेका महासचिव ईश्वर पोखरेलले दाहालले राम्रो काम गरे पूरै अवधि दाहाल नै प्रधानमन्त्री रहन सक्ने भन्ने भाषण ठोके।

यसरी ओलीको बोलीका कारण आफू प्रधानमन्त्री बन्ने संकेत नदेखेका नेता नेपालले आफ्नो सामर्थ्य पनि देखाउने प्रयास गरेका छन्। उनले आफूले हलचल गरेमा केन्द्रदेखि प्रदेशसम्मका सरकार परिवर्तन गर्न सक्ने भनी ओलीलाई थर्काएका थिए।

यसैगरी एमालेको एक कार्यक्रममा पुगेका कांग्रेस सभापति शेरबहादुर देउवालाई उचाल्ने कार्य पनि ओलीले गरेका थिए। उनले खुट्किला उक्लिएको प्रसंगलाई सांकेतिक रुपमा भन्दै देउवालाई आफूले साथ दिन चाहेको बताएका थिए।

यसरी ओलीको ध्याउन्न कांग्रेससँग सत्ता साझेदारी गरी बाँकी तीन वर्ष स्थायी सरकार बनाउने भन्ने खालको रहेको भन्ने कुरामा नेता नेपाल र दाहाल सहमति नजिक पुगेका छन्। यसैगरी कांग्रेसमा पनि शेखर कोइराला, गगनकुमार थापा लगायतका केही नेताहरु एमालेसँग गठबन्धन बनाइनु पर्छ भन्ने मान्यतामा हिँडिरहेका छन्।

यस्तो अवस्थामा बरु प्रधानमन्त्री पद नेता नेपाललाई सुम्पिएर सत्तामै बस्ने चाहनामा दाहाल पुगेको समाचार स्रोतले जानकारी दिएको छ। यसका लागि एमाले बाहेकको सरकार बनाउनु उचित हुने भन्नेमा दाहाल पनि पुगेका बताइएको छ। माधवकुमार नेपालको दल एकीकृत समाजवादी कुनै पनि बेला अर्को समीकरण बनाउन तयार रहेको अवस्था छ। नेपालले आफ्नै नेतृत्वमा सरकार बनाउनका लागि कांग्रेससहितको पुरानै गठबन्धन बनाउन चाहिरहेका छन्। यसका लागि राजेन्द्र पाण्डेले कांग्रेसका नेताहरुसँग सम्पर्क गरिरहेको बताइएको छ।

एकीकृत समाजवादीजस्तै रुष्ट अवस्थामा उपेन्द्र यादवको दल जनता समाजवादी पार्टी पनि रहेको छ। उपप्रधानमन्त्री रहेका यादव अहिले अमेरिका भ्रमणमा छन्। उनी नेपाल फर्किनासाथ उनीसँग कुरा गरी कांग्रेससहितको सरकार बनाउने र सरकारको नेतृत्व आफूले गर्ने दाऊमा नेता नेपाल रहेको बताइएको छ।

यसैगरी सत्ताच्यूत हुनुभन्दा आफूले नेपाललाई प्रधानमन्त्री बनाएर बस्दा आफनो 'फेश सेभिङ' हुने बुझाइमा प्रधानमन्त्री दाहाल रहेका छन्। उनी पनि ओलीलाई देखाउने पक्षमा रहेको बताइएको छ। त्यसैले उनले नेता नेपाललाई खेल खेल्नका लागि भनी मौन समर्थन दिएको स्रोतले बताएको छ।

उता, कांग्रेस भने 'पर्ख र हेर' को अवस्थामा छ। एमालेले साथ दिएमा एमालेसहितको स्थायी सरकार बनाउनुपर्ने पक्षमा गगनकुमार थापा, शेखर कोइराला लगायतका नेताहरु देखिएका छन्। कांग्रेस सभापति भने एमाले र रास्वपा बाहेकको उस्तै परे माओवादी केन्द्रलाई समेत बाहिर राखेर सरकार बनाउन पाए हुन्थ्यो भन्ने पक्षमा रहेका बताइन्छ। देउवाको यो चाहना भने 'भ्यागुताको धार्नी' जस्तो हुने भनी त्यसतर्फ नलाग्न भनी कार्यकर्ताहरुले सुझाएका बताइन्छ।

कांग्रेस पुरानै गठबन्धन ब्यूँत्याउन पनि तयार हुने चर्चा छ। त्यो गठबन्धनमा पुग्नका लागि शेखर कोइराला, गगनकुमार थापालगायत पनि तयार हुने भनी देउवाले बुझेका छन्। गत निर्वाचनको जनमत कांग्रेस-माओवादी-एकीकृत समाजवादी समेतको हो भन्ने कुरा कोइराला-थापाहरुले भन्दै आएका कुरा हुन्। यसैगरी इलाम र बझाङको उपनिर्वाचनमा दलको पराजय हुनुमा गठबन्धन टुट्नु प्रमुख कारण रहेको भनी आम कांग्रेसजनले बुझिरहेका छन्। यस्तो अवस्थामा उनीहरुलाई सहमत गराउन देउवालाई सजिलो हुने बताइन्छ।

## दोलखामा ...

भोलि शनिबार साँझ साढे ७ बजे समापन हुने गरी कार्यक्रम राखिएको विभागका सदस्य सचिव रामेश्वर ढकाल बताउँछन्।

बागमती प्रदेशमा कांग्रेसका तर्फबाट निर्वाचित प्रदेशसभाका सदस्यहरु ३७ जना सहभागी हुने बताइएको छ। यसैगरी जिल्ला समन्वय समितिका प्रमुख/उपप्रमुख गरी १० जना तथा स्थानीय पालिकाका प्रमुख/अध्यक्षतथा उपप्रमुख/उपाध्यक्ष गरी एक सय सातजनाको सहभागिता रहने अपेक्षा गरिएको प्रशिक्षण शाखा दोलखाका प्रमुख अर्जुनप्रसाद सिवाकोटीले जानकारी दिए। उनीहरुलाई दलको नीतिका विषयमा थप प्रशिक्षण दिने उद्देश्यका साथ कार्यक्रम गर्ने तयारीमा दोलखा कांग्रेस जुटेको बताइएको छ।

उक्त कार्यक्रममा कांग्रेसका केन्द्रीय सदस्यहरु, बागमती प्रदेशसभाका सदस्यहरु, जिल्ला समन्वय समितिका पदाधिकारीहरु तथा स्थानीय निकायका जनप्रतिनिधिहरुका अतिरिक्त बागमती प्रदेश अन्तर्गतका कांग्रेसका सभापतिहरु पनि दोलखामा जम्मा हुने भएका हुन्। सो कार्यक्रममा सहभागिता जनाउन उपसभापति पूर्णबहादुर खड्का उत्साहका साथ यहाँ बिहीबार नै आइपुगेको बताइएको छ।

जनप्रतिनिधिहरुलाईडा.सुरेश आचार्य, प्राध्यापक कृष्ण खनाल, पुष्पा भुसाल, विनोद चौधरी, डा.बुद्धिमान श्रेष्ठ, डा.कृष्णप्रसाद पौडेल र डा.खिमलाल देवकोटाले प्रशिक्षण दिने आयोजकले जानकारी दिएको छ। सम्पूर्ण तयारी भैसकेको दोलखा कांग्रेसका सभापति वर्मा लामाले जानकारी दिएका छन्।

निर्माणका लागि हामीलाई सम्झनु होस्

कुनै पनि किसिमका निर्माण कार्य गर्नु परेमा, बाटो बनाउने, भवन निर्माण गर्ने तथा विशेष गरी विद्युतीय सबस्टेशनको निर्माण, मर्मत आदि कार्यको लागि हामीलाई सम्झनु होस्। विद्युतीय सबस्टेशनसँग सम्बन्धित कार्यहरुका लागि हाम्रो सेवा तपाईका लागि एकदमै उपयोगी र प्रभावकारी हुन सक्छ किनकि सो क्षेत्रमा हाम्रो दक्षताले गर्दा मुलुकको विद्युत विस्तारमा ठूलो योगदान मिलेको छ। त्यसैले विद्युतीय पोल बिस्तारदेखि तारहरु तान्ने कार्यहरुमा हामीले गुणस्तरीय सेवा प्रदान गर्दै आएका छौं।

'तपाईहरुको सन्तुष्टि नै हाम्रो उपलब्धि हो'

प्रविधि कन्स्ट्रक्सन प्रा.लि.

कृष्ण नगरकोटी

काठमाडौं - ११, काठमाडौं

सम्पर्क नं. ९८४१७२५६६२

# लघु चलचित्र 'किबोर्ड' को टाइटल गीत




भक्तपुर/ बालबालिका तथा अभिभावकको मनोभावलाई केन्द्रमा राखी बनाइएको लघु चलचित्र 'किबोर्ड' को टाइटल सङ बुधबारदेखि सार्वजनिक भएको छ। गायक सुप्रिम मल्लको श्वर रहेको 'पाइलाहरु लड्खडाउँदा ............' भन्ने गीत युट्युबमा सार्वजनिक हुनासाथ दुई दिनमै एक लाख बढी श्रोता/दर्शकको माया पाउन सफल भएको संगीतकार टेकेन्द्र नेपालीले जानकारी दिएका छन्।

उक्त चलचित्र केही महिनाअघि रिलिज गरिए पनि गीतसँगै प्रदर्शनीमा जाने भएको हो। गीतलाई हाल युट्युबमा राखिए पनि लघु चलचित्रलाई भने नराखिएको लघु चलचित्रका कथाकार विजयराज आचार्यले जानकारी दिएका छन्। चलचित्रको निर्देशनमा मेहनत गरेका निर्देशक आचार्य गोपालले यो गीतको म्युजिक भिडियो पनि मेहनत गरी श्रोता/दर्शकको मन खिच्ने कार्य गरेको निर्माता सन्देश आचार्यले बताएका छन्।

गीत छोटो समयमै चर्चित हुनुमा गीतकार होम नेउपानेको शब्द चयन तथा चर्चित कलाकारहरु कृष्णभक्त महर्जन र रश्मी भट्टको अभिनय पनि कारक रहेको लाइन प्रोडुस्यर पुष्पराज अवस्थीले जानकारी दिएका छन्। उक्त लघुचलचित्र तथा गीतको प्रस्तुति क्रियटिभ सेन्टर नेपाल प्रा.लि.ले गरेको हो। लघुचलचित्र र गीतको बजार विस्तारको बारेमा जानकारी गराउँदै प्रा.लि.का अध्यक्ष कौशल कुमार भट्टराई भन्छन्, 'बालबालिका, अभिभावकको अवस्थालाई ख्याल गरी पारिवारिक कथाबस्तुमा आधारित भएकाले यसको बजार विस्तार राम्रैगरी भैरहेको छ। अहिले अमेरिकामा रहेका नेपाली भाषीहरुले समेत यो चलचित्रलाई देखाउने अनुमति मागिरहेका छन्। यसैगरी अन्य देशमा रहेका नेपालीभाषीहरुले समेत यसमा रुचि देखाएको अवस्था छ।'

युट्युवमा राख्नासाथ चर्चामा पुगेको गीत र लघुचलचित्रलाई विभिन्न शैक्षिक क्षेत्रहरुमा प्रदर्शनी गराइने लक्ष्य लिइएको छ। यसैगरी कतिपय स्थानीय निकायहरुले पनि प्रदर्शनीका लागि माग गरिरहेको जानकारी भट्टराईले दिएका छन्। उक्त लघु चलचित्रमा बाल कलाकार आलोक रानाभाट (चौरेली) ले पनि राम्रो अभिनय गरेका बताइएको छ।

# भक्तपुरमा 'फर्चुन रिसोर्ट'




भक्तपुर/ हिलटेक कम्पनीले भारतीय होटल ग्रुप आईटीसीसँगको सहकार्यमा एक अर्ब रुपियाँबराबर लगानीमा भक्तपुर साँगामा 'फर्चुन रिसोर्ट एन्ड वेलनेस स्पा' सञ्चालनमा ल्याएको छ।

आईटीसी ग्रुप अफ होटल्स अन्तर्गत फर्चुन होटलले नेपालबाट अन्तर्राष्ट्रिय यात्रा शुरु गरेको जनाइएको छ। हिलटेक कम्पनीका सञ्चालक कमल जैनले फर्चुन रिसोर्ट सञ्चालनमा ल्याएका हुन्।भारत बाहिर अन्तर्राष्ट्रिय यात्रा शुरुवातमा पहिलो शाखा नेपालमा खोल्न पाउँदा आफूहरु निकै हर्षित भएको भनी फर्चुन होटलका प्रबन्ध निर्देशक समिर एमसीले 'सांस्कृतिक सम्पदा, प्राकृतिक सौन्दर्यजस्ता विविध कुराले नेपाल उत्साहपूर्ण अनुभवको खोजीमा हिँड्ने पर्यटकको पहिलो रोजाइमा पर्छ। त्यसैले हामी हाम्रो सञ्जाल प्रयोग गर्दै फर्चुन होटलको सुविधा नेपालमा ल्याउन चाहन्छौं।' भनी आफ्नो मन्तव्य सार्वजनिक गरेका छन्।

'विश्वकै अग्लो शिव मूर्तिमध्ये एक कैलाशनाथ महादेव प्रतिमाको चरणमा एउटा शान्त रिसोर्ट बनेको छ, यो अवधारणाले नेपाल आउने पर्यटकहरूको वेल-बिइङ र स्पा अनुभवलाई अझै सुदृढ गर्ने छ,' उनले भनेका छन्।

फर्चुन रिसोर्टमा फराकिलो ब्यांक्वेटहरू छन्। यसले विवाह गन्तव्यका रूपमा पनि चर्चा कमाउन सक्ने सम्भावना देखिन्छ। शान्त वातावरणमा शान्ति खोज्नेका लागि रिसोर्ट उपयुक्त गन्तव्य हुनेछ। एक पटकमा ६ सय पर्यटक अटाउन सक्ने रिसोर्टमा कोठा, कटेज तथा न्यानो र आधुनिक सजावटयुक्त सुइट छन्।शाकाहारी खाना पारखीलाई रिसोर्टमा रहेको रेन्बो रेस्टुरेन्टमा सम्पूर्ण प्रकारका शाकाहारी खानेकुरा उपलब्ध हुन्छ। त्यस्तै नेप्चुन बार तथा लाउन्जमा विभिन्न प्रकारका मदिरा उपलब्ध हुने रिसोर्टले जनाएको छ।

खानेपानी संस्थान नेपाल २०४६

नेपाल खानेपानी संस्थान

पोखरा शाखाको अनुरोध

खानेपानी महसुल नियमित रुपमा तिरी अतिरिक्त जरिवानाबाट बचौं।

- कार्यालय प्रमुख, पोखरा

राष्ट्रियता ! लोकतन्त्र !! समाजवाद !!!



हार्दिक निमन्त्रणा

नेपाली कांग्रेसका उपसभापति एवं केन्द्रीय नीति अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका प्रमुख माननीय श्री पूर्णबहादुर खड्काज्यूको प्रमुख आतिथ्यता, केन्द्रीय सदस्यज्यूहरु तथा बागमती प्रदेशका सभापति माननीय श्री ईन्द्रबहादुर बानियाँज्यूको विशिष्ट आतिथ्यतामा सम्पन्न हुने बागमती प्रदेश पार्टी र जनप्रतिनिधि विषयक प्रशिक्षण कार्यक्रममा प्रदेशसभाका माननीय सदस्यहरु, जिल्ला सभापतिहरु, स्थानीय तहका प्रमुख, उपप्रमुख तथा अध्यक्ष, उपाध्यक्षहरुलाई हार्दिक निमन्त्रणा गर्दछौं।

कार्यक्रम
उद्घाटन समारोह
मिति: २०८१ वैशाख २१ गते शुक्रबार
समय: दिउँसो २:०० बजे
समापन : वैशाख २२ गते शनिबार
समय: साँझ ७:३० बजे
स्थान: होटल एम्ब्रोसिया, सातदोबाटो, चरिकोट दोलखा

व्यवस्थापन
नेपाली काग्रेस दोलखा
प्रशिक्षण शाखा

आयोजक
नेपाली काग्रेस बागमती प्रदेश
प्रशिक्षण विभाग

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सडक विभाग

सडक डिभिजन पाल्पाको अनुरोध

सडक निर्माण गर्दा ठूलो धनराशी खर्च हुने भएकाले निर्माण सम्पन्न भइसकेको सडक संरचनामा प्रतिकुल असर पर्ने गरी देहायका कुनै पनि क्रियाकलाप नगरिदिनु हुन अनुरोध छ।

- सडकको मापदण्ड विपरित स्थायी संरचना घर टहरा आदि निर्माण नगरौं।
- सडक किनारमा निर्माण सामग्री नथुपारौं। सडक छेउको नालीमा फोहोर मैला नफालौं।
- सडकमा पानी, ढल आदिको निकास बन्द गरौं। सडक किनारमा निजी/व्यापारिक होर्डिङ बोर्ड तथा साइनबोर्ड नराखौं।
- सडक अतिक्रमण रोक्नु हरेक नगरिकको दायित्व हो। तसर्थ सडक अतिक्रमण नगरौं।

डिभिजन प्रमुख
सडक डिभिजन पाल्पा

लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरण गरौं

- लोकतन्त्रको संरक्षण र प्रवर्द्धनमा हातेमालो गरौं।
- राज्यलाई जनताप्रति उत्तरदायी बनाउन खबरदारी गरौं।
- कानूनी शासन सुनिश्चित गरौं।
- व्यक्तिगत स्वतन्त्रता र मानवाधिकारको सम्मान गरौं।
- लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गरौं।
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढीकरणमा योगदान गरौं।
- संविधान र कानूनको पालना गरी नागरिकको कर्तव्य निर्वाह गरौं।
- लोकतन्त्र दिवस भव्य र सभ्य रुपमा मनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Chief-Editor/Publisher : Koushal K. Bhattarai, Editor : Krishna Lamsal, Executive Editor : Piamani Bhattarai, Legal Advisor : Advocate Hari Sharan Jamakatel
Computer Designer: Roshan Gyeawali, Press :- Saptarshi Publication, Mitrapark , Kathmandu
Main Office : Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu, Phone :- 977-1-5367064, Email : nayabimarsha@gmail.com